जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ६७ • २०८१ साल साउन १० गते बिहीबार (25 July, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सौर्यको विमान दुर्घटना

# पाइलट बाहेक १८ जनाकै मृत्यु, शोकमा राष्ट्रिय झण्डा आधा झुकाउने

**टुडे समाचारदाता**

काठमाण्डु । सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा परेका १९ जनामध्ये १८ जनाको मृत्यु भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डुमा बुधबार बिहान ११ बजेर ११ मिनेटमा सौर्य एयरलाइन्सको विमानमा दुर्घटना भएको थियो ।



एएन एएमपी सीआरजे-२०० जहाज ०२ रनवेमा उडेलगत्तै दायाँतिर 'रन वे' पूर्वतर्फको खाल्डोमा खसेको थियो ।

एयरलाइन्स रनवेको घाँसे मैदानबाट घसार्रिँदै अगाडि गएर केहीबेर आकाशतिर उडेको थियो । सो क्रममा ट्याक्सी वे हुँदै घाँसे मैदानपर्ति तर्फको खाडलमा झरेको र विमानका पुर्जाहरू घाँसे मैदानमा समेत छरिएको भेटिएको थियो ।

जहाजमा २ चालक दलका सदस्यसहित १९ जना थिए । विमानको यात्रु क्षमता भने ५० जनाको थियो । जहाज दुर्घटनापछि खोज तथा उद्धारको लागि दमकल, सुरक्षाकर्मीहरू, एम्बुलेन्स तत्काल पुगेका थिए । घटनाको ५ मिनेटभित्र उद्धार टोली त्यहाँ पुगेको विमानस्थल व्यवस्थापनले जनाएको छ ।

विमानस्थल सुरक्षार्थ खटिएका वरिष्ठ प्रहरी उपरीक्षक डम्बर विकले बताए अनुसार उद्धार हुँदा चालक मनीषरत्न शाक्यका साथै अन्य तीन जना पनि जीवित थिए । तर, चालक मनीष मात्र बाँच्न सफल भए । अन्य तीन जनालाई त्रिवि शिक्षण अस्पताल पुर्‍याउने बित्तिकै चिकित्सकले मृतक घोषणा गरेका थिए । बाँकी १५ जनाको घटनास्थलमै ज्यान गइसकेको थियो । शवहरूको शिक्षण अस्पतालमै पोस्टमार्टम भइरहेको जनाइएको छ ।

एयरलाइन्सको कोपाइलट सुशान्त कटुवाल, एयरलाइन्सकै कर्मचारी अमितमान महर्जन, सागर आचार्य, दिलिप बर्मा, मञ्जुराज शर्मा, अश्विन निरौला, सुदीपलाल जोशी, सर्वेश मरासिनी, श्याम बिन्दुकार, नवराज आले, राजाराम आचार्य, उद्धव पुरी, यज्ञप्रसाद पौडेल, सन्तोष महतो, पून्यरत्न शाही र आरिफ रेडाको मृत्यु भएको छ। दुर्घटनामा ज्यान गुमाएका आरिफ रेडा यमनका नागरिक छन् । उनी सौर्य एयरलाइन्सकै कर्मचारी थिए ।

एयरलाइन्स प्राविधिक परीक्षणका लागि पोखरा जाँदै थियो । पोखरा विमानस्थलका प्रवक्ता जशोदा सुवेदीका अनुसार पोखरामा प्राविधिक परीक्षणका लागि सुविधा सम्पन्न 'ह्यांगर' छ ।

त्रिभुवन विमानस्थलमा सौर्य एयरलाइन्सको जहाज दुर्घटनापछि उडान करिब दुई घण्टा प्रभावित भएको थियो । आकस्मिकरूपमा बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतीशचन्द्रलाल सुमनको नेतृत्वमा ५ सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ । सो आयोगलाई जाँचबुझ गर्न ४५ दिनको म्याद दिइएको छ ।

मन्त्रिपरिषद्को बैठकले बिहीबार (साउन १० गते) राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय पनि गरेको छ । बैठकले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै पीडित परिवारमा समवेदना र घाइते पाइलट मनीषरत्न शाक्यको शीघ्र स्वास्थ्यलाभको कामना पनि गरेको छ ।









# बागमती नदी किनारमा बनेका पूर्वाधार संरक्षण र प्रयोगमा ल्याउन निर्देशन



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले बागमती नदी किनारमा बनेका पूर्वाधार संरक्षण र प्रयोगमा ल्याउन निर्देशन दिनुभएको छ ।

बुधबार उहाँले गुह्येश्वरीस्थित अधिकारसम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यालयमा पुगेर कामकारबाहीबारे जानकारी लिएपछि निर्माण गरिएका संरचनाको संरक्षण र प्रयोगमा ध्यान दिन निर्देशन दिनुभयो । "ढल निकासका लागि संरचना त बन्छन् तर प्रयोगमा किन आइरहेका छैनन् ? यसलाई सच्याउनुपर्‍यो ।

तत्काल गर्न सकिने काम अहिले गरौँ । संरचना निर्माणसँगै त्यसको प्रयोगका विषयमा पनि ध्यान दिनुपर्यो", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

गोकर्णेश्वरदेखि गुह्येश्वरीसम्म बनेका पार्कहरूको दुरावस्था रहेकाले तिनको संरक्षण र रेखदेखमा ध्यान दिन समितिलाई निर्देशन दिनुहुँदै उहाँले बागमतीमा बाह्रैं महिना पानी बगाउनुपर्नेमा पनि जोड दिनुभयो । "बागमतीमा बाह्र महिना नै पानी बगाउनेबारे हामीले सोच्नुपर्छ । सम्बन्धित निकायसँग समन्वय गरेर त्यसलाई अघि बढाऔँ । बाधा अड्चन छ भने त्यसलाई हटाउनका लागि मन्त्रालय सहजीकरण गर्न तयार छ", उपप्रधानमन्त्री सिंहको भनाइ थियो ।

बागमतीभन्दा कुरुप भइसकेका नदीलाई विभिन्न देशले सुधार गरेर स्वच्छ पानी बगाएको उदाहरण दिनुहुँदै उहाँले बागमती नदीको स्वच्छता काम गर्न सरकारले प्रभावकारी योजना ल्याउनेसमेत धारणा राख्नुभयो ।रासस

# विद्युतीय व्यापार विधेयकमा १९ वटा संशोधन प्रस्ताव

काठमाण्डु । राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएको विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि १९ वटा संशोधन प्रस्ताव परेका छन् ।

उक्त विधेयक छलफलका लागि अहिले प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा पुगेको छ । बुधबार समितिले विद्युतीय व्यापार क्षेत्रका जानकार र सरोकार भएकासँग छलफल गरी सुझाव सङ्कलन गरेको हो ।मुलुकमा विद्युतीय व्यापारको माध्यामबाट वस्तु तथा सेवाको खरिदबिक्री बढ्दो क्रममा रहेकाले विद्युतीय माध्यामबाट हुने कारोबारलाई निमयन तथा व्यवस्थित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो विधेयक संसद्मा लगेको हो ।

मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा सेवाको सहज आपूर्ति, निर्यात पवर्द्धनलगायत क्षेत्रमा विद्युतीय व्यापार अति आवश्यक भइसकेकाले यसलाई नियमन



तथा अनुगमनका लागि तत्काल कानुन बन्न आवश्यक रहेको उद्योग समिति सभापति अब्दुल खानले बताउनुभयो ।समितिको बुधबारको बैठकमा सांसदहरु डोलप्रसाद अर्याल, महेन्द्रबहादुर शाही, राजु थापा, सुरेन्द्र राज आचार्य, गणेश पराजुली, अमृता अग्रहरी, हेमराई राईलगायतले सुझाव प्रस्तुत गर्नुभएको थियो । अनलाईन माध्यामबाट वस्तु तथा सेवाको खरिद गर्दा उपभोक्ता ठगी भएको, वस्तुको मूल्य र गुणस्तरको प्रत्याभूति हुन नसकेको, कारोबारलाई वस्तुपरक बनाउन नसकेको तथा कर प्रणालीमा आवद्ध गर्न नसकेकोलगायत विषयमा छलफल भएको थियो । त्यस्तै, इ-कमर्स क्षेत्रमा लागेका व्यवसायीले पनि कानुनको अभावमा विद्युतीय माध्यामद्वारा सञ्चालन गरिने व्यापारको व्यवस्थापन गर्न कठिनाइ भएको धारणा समितिमा राखेका छन् ।

विधेयकमाथि सांसदहरु मनिष झा, दामोदर पौडेल बैरागी, माधव सापकोटा, नारायणी शर्मा, दुर्गा राई, विद्या भट्टराई, लक्ष्मी तिवारी, निशा डाँगीलगायतले संशोधन प्रस्ताव हाल्नु भएको छ । त्यस्तै, सांसदहरु गगनकुमार थापा, बद्रीप्रसाद पाण्डे, जीवन परियार, प्रतिमा गौतम, कुसुमदेवी थापा र सीता मिजारले संयुक्त रुपमा संशोधन प्रस्ताव पेस गर्नुभएको छ ।

महेश कुमार बर्तौला, अच्युतप्रसाद मैनाली, नारायणप्रसाद आचार्य र चन्द्रबहादुर विश्वकर्माले पनि संयुक्त रुपमा संशोधन हाल्नुभएको छ । सांसदहरु गणेश पराजुली, असिम शाह, डा तोसिमा कार्की, रघुजी पन्त, प्रदीप पौडेल, रमा कोइराला, मैना कार्की, कान्तिका सेजुवाल, दिपा शर्मा, सोबिता गौतम, शिशिर खनाललगायत उक्त विधेयकमाथि संशोधन प्रस्ताव हाल्नुभएको छ ।रासस

## पूर्वमन्त्री डा महतद्वारा नदी कटान क्षेत्रको निरीक्षण

चितवन । पूर्वअर्थमन्त्री एवं नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले नारायणी नदी कटान क्षेत्रको निरीक्षण गर्नुभएको छ । भरतपुर महानगरपालिका-१७ गोब्रेनीस्थित नारायणी नदीको बुधबार निरीक्षण अनुगमन गर्नुभएको हो ।

महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, नेपाली कांग्रेस चितवनका नेतासहित उहाँले सो क्षेत्रको



निरीक्षण अनुगमन गर्नुभएको हो । अनुगमनका क्रममा स्थानीयले बाढी आएर पस्नुभन्दा पहिला नै सुरक्षित गराउन माग राखेका थिए ।

महानगरपालिका-१८ का स्थानीय जीतबहादुर तामाङले यस क्षेत्रबाट बाढी पस्दा महानगरपालिकाको पश्चिम क्षेत्र डुबानमा पर्ने बताउनुभयो । नदीमा तटबन्ध गर्न सके सुरक्षित बस्न पाइने भन्दै उहाँले मझुवा सामुदायिक वन क्षेत्रबाट जुनसुकै समयमा नदी पस्न सक्ने भन्दै ध्यानाकर्षण गराउनुभयो । उहाँले भन्नुभयो, "नदी पस्नुभन्दा पहिले नै यसको तटबन्ध गरिनुर्पने हुन्छ ।"

स्थानीयको कुरा सुनी सकेपछि नेता महतले जुन सुकै समयमा पनि नदी पस्न सक्ने भन्दै यसलाई रोक्न सक्दो पहल गर्ने बताउनुभयो । रासस

# काठमाडौं जिल्ला अदालत : मुद्दा फर्छ्योट दरमा सुधार

काठमाण्डु । जिल्ला अदालत काठमाडौंले २०८०/८१ मा मुद्दा फर्छ्योट दरमा तुलनात्मक रुपमा सुधार गरेको छ । यस आर्थिक वर्षमा २३ हजार दुई सय ९१ (४६ दशमलव ७४ प्रतिशत) मुद्दा फर्छ्योट गरेको छ ।

आव २०७९/८० मा १५ हजार पाँच सय २८ (४२ दशमलव १८ प्रतिशत) मुद्दा फर्छ्योट गरेको थियो । आव २०८०/०८१ मा ४९ हजार आठ सय २७ मुद्दा रहेकामा फर्छ्योट गर्न बाँकी २६ हजार पाँच सय ३६ मुद्दा रहेका छन् ।जिल्ला न्यायाधीश कमलप्रसाद पोखरेलले मुद्दा फर्छ्योटमा तीव्रता दिने उद्देश्यले काम गर्दागर्दै पनि मुद्दाको चाप बढी र न्यायाधीशको सङ्ख्यामा कमीका कारण नसकिएको भए पनि गत वर्षको तुलनामा सुधार भएको बताउनुभयो ।

"गत वर्षभन्दा यस वर्ष बढी मुद्दा फर्छ्योट भएको छ, ४६ जनाको दरबन्दी भए पनि ३१ जना न्यायाधीशले मात्रै काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "अदालतबाट समयमै न्याय पाइन्छ भनेर जनआस्था वृद्धि गर्न छिटो न्याय दिनका लागि प्रयन्तरत छौँ ।"सर्वोच्च अदालतको निर्णयअनुसार काठमाडौँ अदालतले पनि यही साउन १ गतेदेख स्वचालित प्रणाली (अटोमेसन) बाट पेशी व्यवस्थापन कार्य प्रारम्भ गरेको छ ।

उक्त अदालतले यस आर्थिक वर्षमा छ हजार पाँच सय ५८ मुद्दा फर्छ्योट गरेको छ । दुई वर्ष नाघेका मुद्दामा जिम्मेवारी सरेर आएका मुद्दामा तीन हजार १५ थियो भने यस आवमा एक हजार आठ सय ८६ रहेका छन् । फैसला कार्यान्वयनतर्फ दुई हजार छ सय सात (५० दशमलव २८ प्रतिशत) फर्छ्योट गरेको छ । कूल मुद्दा पाँच हजार एक सय ८५ मुद्दा रहेकामा दुई हजार पाँच सय ७८ मुद्दा बाँकी रहेको छ । अदालतले दुई वर्ष पुराना मुद्दा मात्र रहने गरी छुट्टै अभियान फाँट स्थापना भई उक्त फाँटहरुका मुद्दाको छुट्टै तोकिएको इजलासबाट सुनुवाइ हुनेगरी व्यवस्था गरिएको छ ।

काठमाडौँमा अदालतमा गत वर्षदेखि पारिवारिक इजलासबाट सुनुवाइ प्रारम्भ गरिएको थियो । कूल मुद्दा एक हजार एक सय ७९ मुद्दा रहेकामा ५५४ (४६ दशमलव ९८ प्रतिशत) मुद्दा फर्छ्योट भएको छ । पारिवारिक विवादका छ सय २६ मुद्दा बाँकी रहेका छन् ।न्यायाधीश पोखरेलले पारिवारिक विवाद छिटो टुङ्ग्याउन र पीडितलाई चाँडै न्याय दिन पारिवारिक इजलासको मुद्दालाई प्राथमिकतामा राखिएको बताउनुभयो । उक्त अदालतमा रहेको बाल इजलासमा सात सय ६० (८१ दशमलव ९८ प्रतिशत) फर्छ्योट गरेको छ । जम्मा मुद्दा नौ सय २७ मध्ये एक सय ६७ मुद्दा बाँकी रहेका छन् ।

**कूल मुद्दा एक हजार एक सय ७९ मुद्दा रहेकामा ५५४ (४६ दशमलव ९८ प्रतिशत) मुद्दा फर्छ्योट भएको छ ।**

काठमाडौँमा अदालतमा सबैभन्दा बढी बैंकिङ कसुरमा मुद्दा

जिल्ला अदालत काठमाडौँ यस आवमा सबैभन्दा बढी बैंकिङ कुसर सात हजार नौ सय ५७ मुद्दा दर्ता भएको छ । दोस्रोमा सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा चार हजार चार सय ६६ मुद्दा दर्ता भएका छन् ।

तेस्रोमा चेक अनादारसम्बन्धी मुद्दा तीन हजार आठ सय ७० रहेको छ । सबैभन्दा कम मुद्दा ज्यानसम्बन्धी कसुर एक सय ६९ रहेको छ । सबै न्यायाधीशको कार्यविभाजन गरी प्रत्येक न्यायाधीशलाई एक एक वटा फाँट मिसिल निरीक्षणको अनुगमन गर्ने जिम्मेवारी बाँडफाँट गरिएको र पेशी व्यवस्थापन नीति पारितगरी तदनुरुप पेशी व्यवस्थापन गर्न फाँटहरुलाई निर्देशन दिइएको अदालतका स्रेस्तेदार रामु शर्माले जानकारी दिनुभयो ।

अदालतले न्यायाधीश बिदामा बस्दासमेत उपस्थित न्यायाधीशले एकभन्दा बढी फाँट हेर्नेगरी फाँट स्थगित नहुने व्यवस्था मिलाइएको छ । अभियान फाँटहरुका मुद्दा पेस हुने इजलासमा सम्भव भएसम्म थुनछेकका लागि पेस हुने अभियोग पेस नहुनेगरी व्यवस्था गरिएको जसले गर्दा मुद्दा हेर्न नभ्याइनेमा पर्ने अवस्था न्यूनीकरण हुने अपेक्षा गरेको छ ।अभियान फाँटमा रहेका मुद्दाको मिसिल निरीक्षणलाई नियमित बनाउन त्यस्ता फाँटमा कार्यरत सुपरिटेन्डेट/शाखा अधिकृत/इजलास अधिकृतबाट हरेक १५/१५ दिनमा मिसिल निरीक्षणको प्रगति प्रतिवेदन लिने व्यवस्थाको सुरुआत गरेको छ ।

त्यस्तै, हरेक हप्ताको शुक्रबार निवेदनहरुको मात्र सुनुवाइ हुँदै आएकामा गएको भदौ महिनाको अन्तिम हप्तादेखि हरेक शुक्रबारसमेत अभियान फाँटका मुद्दाहरुको सुनुवाइ हुनेगरी व्यवस्था गरिएको छ । अदालतले अभिलेखालयको कामलाई समेत तीव्रता दिँदै अदालतले जरिवानातर्फ रु दुई अर्ब नगद सङ्कलन गरेको जनाएको छ ।रासस

# कलेजो प्रत्यारोपणः पुरुष लिन्छन्, महिला दिन्छन्

काठमाण्डु । विश्वमा कठिन मानिएको कलेजो प्रत्यारोपणमा नेपालले सफलता हासिल गर्दै गएको छ । नेपालमा पहिलो पटक सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले विसं २०७३ मङ्सिर २२ गते भक्तपुरका बलराम नागाको सफलतापूर्वक कलेजो प्रत्यारोपण गरेको थियो । नागालाई उहाँका दिदी सानुमाया लागेजुले कलेजो दान गर्नुभएको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा मात्रै शतप्रतिशत सफलताका साथ १५ जनाको कलेजो प्रत्यारोपण गरेको केन्द्रले जनाएको छ । हालसम्म सबै कलेजो प्रत्यारोपित तथा कलेजो दाता सकुशल रहेका केन्द्रका कार्यकारी निर्देशक एवं कलेजो प्रत्यारोपण शल्यचिकित्सक डा पुकारचन्द्र श्रेष्ठले जानकारी दिनुभयो ।

"केन्द्रमा बिरामीको बिग्रेको कलेजो पूरै हटाएर जीवित दाताबाट आधा कलेजो वा मस्तिष्क मृत्यु भएका दाताको पूरै कलेजो प्रत्यारोपण गर्ने गरिएको छ", उहाँले भन्नुभयो, "तीन वर्षको बालकदेखि ६८ वर्षका ज्येष्ठ नागरिकसम्मको सफलतापूर्वक कलेजो प्रत्यारोपण गरेका छौँ ।"

विसं २०७३ मा दक्षिण कोरियाको सामसुङ मेडिकल सेन्टरको प्राविधिक सहयोगमा मुलुकमा पहिलो पटक कलेजो प्रत्यारोपण सुरु गरेको केन्द्रले सन् २०१९ मा डा श्रेष्ठको नेतृत्वमा नेपाली चिकित्सकको टोलीबाट पहिलो पटक कलेजो प्रत्यारोपण गरेको थियो । पछिल्लो समय एकजना मात्र विदेशी चिकित्सकको उपस्थितिमा केन्द्रको प्रत्यारोपण टोलीले कलेजो प्रत्यारोपण गर्दै आएको श्रेष्ठले जानकारी दिनुभयो ।

बिरामी तथा दाताको सुरक्षालाई ध्यानमा राखी अति जटिल र संवेदनशील शल्यक्रिया पर्याप्त सङ्ख्यामा नियमित नहुँदासम्म जुनसुकै संस्थामा पनि विदेशी चिकित्सकको निगरानी रहनु सकारात्मक हुने डा श्रेष्ठको भनाइ छ । केन्द्रले हालसम्म २६ जनाको कलेजो प्रत्यारोपण गरिसकेको जनाउँदै उहाँले लिने पुरुष र दिने महिला धेरै रहेको बताउनुभयो ।

केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले भन्नुभयो, "प्रत्यारोपण सुरु भएदेखि हालसम्म



२४ जना ग्रहणकर्ता पुरुष र दुई जना महिला छन् । प्रत्यारोपण गरेका २६ जनामध्ये १८ पुरुषलाई महिला दाताले कलेजो दान गर्नुभएको छ । आठ दाता मात्रै पुरुष हुनुहुन्छ । यो तथ्याङ्कलाई हेर्दा पुरुषले लिएको र महिलाले दिएको अवस्था छ ।"

विदेशमा ५०औँ लाख खर्च लाग्ने कलेजो प्रत्यारोपण सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले न्युनतम रु १५ देखि बढीमा रु २० लाखसम्ममा गर्दै आएको श्रेष्ठले जानकारी दिनुभयो । "प्रत्यारोपणका लागि ६५ वर्षभन्दा बढी उमेरका मानिसले समेत आफू भन्दा सानालाई स्वस्थ्य कलेजो दान गर्न सक्ने र साना बालबालिकाले पनि वयष्कलाई तथा वयष्यले बालबालिकालाई सजिलै कलेजो दान गर्न सक्नन्", उहाँले भन्नुभयो ।

कलेजो दान दिनेले तीन चरणको जाँच पास गर्नुपर्ने हुन्छ । जसमा कुनै सङ्क्रमण भए/नभएको, स्वास्थ्यमा कुनै जटिल समस्या भए/नभएको र मधुमेह वा अन्य कुनै समस्याका कारण कलेजोमा बोसो जमे/नजमेको भन्नेबारेमा ध्यान दिनु जरुरी रहेको डा श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार कलेजोमा धेरै बोसो जमेको छैन भने त्यसको केही भाग बिरामीको कलेजोलाई फालेर त्यसको ठाउँमा स्वस्थ्य मानिसको कलेजो प्रत्यारोपण गर्न सकिन्छ । यसरी कलेजो दान गर्दा खासै जटिलता उत्पन्न हुदैन । कलेजोमा ६० प्रतिशत भन्दा बोसो जमेको बाहेक अन्यले सजिलै दान दिन सक्नेछन् ।

कलेजो आफैँ विकसित हुने अङ्ग भएकाले यसको प्रत्यारोपण गरेको तीन महिनादेखि बिरामीको शरीरमा विकसित हुँदै जाने भन्दै करिब छ महिनामा झण्डै ९० प्रतिशत विकास हुने उहाँले जानकारी दिनुभयो । कलेजो प्रत्यारोपण गरिएका बिरामीले पुनः पहिलाको जस्तै जीवन जीउनसक्ने उहाँले बताउनुभयो ।


नेपालमा झण्डै ६० प्रतिशतको कलेजो रक्सी तथा हेपाटाइटिस 'बी' र 'सी'का कारण बिग्रने गरेको राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिनुभयो । विश्वमा धनी देशमा हेपाटाइटिस सी तथा मधुमेहका कारण कलेजोमा बोसो जमेर बिग्रने गरेको पाइएको उहाँको भनाइ छ ।नेपालमा हरेक वर्ष करिब एक हजारको कलेजो बिग्रने गरेको छभने भारतमा गएर कलेजो प्रत्यारोपण गर्नेको सङ्ख्या पनि पछिल्लो समय बढ्दै गएको केन्द्रले जनाएको छ ।रासस

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथुन | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पर्यटकिय गन्तव्यको रुपमा स्थापित हुदै गएको जनकपुरधामको प्रशिद्ध गंगा सागरको साझ बेलाको खिचिएको मनमोहक छवी । *तस्विर : संजय कुमार यादव*

# कानुनी कारबाहीबाट १० करोडभन्दा बढी राजस्व सङ्कलन

जनकपुरधाम। आन्तरिक राजस्व कार्यालय जनकपुरले लामो समयदेखि राजस्व नबुझाउने २० वटा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमाथि कानुनी कारबाही गरी रु १० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

कार्यालय प्रमुख किशोर बर्तौलाकानुसार गत आर्थिक वर्ष २०८०/८१ मा कानुनी कारबाही गरेर जरिवानाबाट उक्त रकम सङ्कलन गरिएको हो। लामो समयदेखि कर अर्थात राजस्व नबुझाउने एक सय ७८ व्यावसायिक प्रतिष्ठानलाई कारबाही गर्ने सूचना जारी गरेपछि त्यसमध्येका २० व्यावसायिक प्रतिष्ठानले जरिवाना रकम बुझाएका हुन्।

कार्यालयबाट प्राप्त विवरणअनुसार कार्यालयअन्तर्गत ३७ हजार व्यावसायिक करदाता रहेको छन्। जसमध्ये गत आर्थिक वर्षमा १५ हजार करदाताले वार्षिक आयव्यय अर्थात राजस्व बुझाएका छन् । अहिलेसम्म २२ हजार व्यावसायिक पान नम्बर लिएका करदाताले राजस्व नतिरेको कार्यालयबाट प्राप्त विवरणमा उल्लेख छ।

साथै अघिल्लो आव २०७९/८० को तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलनमा वृद्धि भएको कार्यालयले जनाएको छ । अघिल्लो आवमा रु तीन अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु तीन अर्ब ४४ करोड राजस्व सङ्कलन भएको थियो । कार्यालयलाई गत आर्थिक वर्ष रु चार अर्ब ४६ करोड ६३ लाख ९३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु तीन अर्ब ८२ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन भएको थियो। अघिल्ला आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा ११ प्रतिशतले राजस्व वृद्धि भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिनुभयो।

गत आवमा कार्यालयले लिएको लक्ष्यअन्तर्गत आयकर वापत रु एक अर्ब ४५ करोड ४७ लाख, घर भाडावापत रु छ करोड ३५ लाख ६६ हजार, ब्याजकर वापत रु ११ करोड ११ लाख २२ हजार मूल्य अभिवृद्धिकरवापत रु एक अर्ब ३० करोड १५ लाख ५५ हजार, अन्तशुल्क वापत रु एक अर्ब ५३ करोड ४२ लाख ८७ हजार, स्वास्थ्यकर वापत रु ११ लाख तीन हजार तथा शिक्षाकर वापत रु ४९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको थियो।

गत वर्ष आयकरवापत रु एक अर्ब १९ करोड ३८ लाख ७१ हजार, घरभाडा वापत रु रु तीन करोड ५० लाख २२ हजार, ब्याजकरवापत रु सात करोड २० लाख ७४ हजार, मूल्यअभि वृद्धिकरवापत रु ९७ करोड ७८ लाख ६२ लाख, अन्तशुल्ककरवापत रु एक अर्ब ५४ करोड ६६ लाख २१ हजार, स्वास्थ्यकरवापत रु १५ लाख ३१ हजार, शिक्षाकरवापत एक लाख ६८ हजार तथा अन्यकरवापत रु १२ लाख २६ हजार गरी कूल रु तीन अर्ब ८२ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिनुभयो।रासस

# बगरको तरकारी उत्पादनबाट मनग्य आम्दानी

सर्लाही। सर्लाहीको बागमती नगरपालिका-१२ का गोपाल घिसिङ हिजोआज बागमतीको बगरमा परवल टिप्नमा ब्यस्त हुनुहुन्छ । घिसिङ जस्तै बागमती नगरपालिकाका सयौं किसान हरेक स्थानीय बजारको दिन बिहानै खेतमा परवल टिप्न पुग्छन्। बागमती बगरमा परवल टिप्ने किसानको सङ्ख्या अत्यधिक छ । कोही बाल्टिन लिएर र कोही बोरामा परवल टिपिरेहका छन्। परवल बजारसम्म पुऱ्याउन उनीहरुलाई भ्याइनभ्याइ भइरहेको छ।



केही समय पहिलासम्म बालुवाको थुप्रोको रुपमा रहेको बगरमा अहिले तन्न परवल उत्पादन गरिएको छ । नदी उकास बगरमा विपन्न किसान परवल उत्पादन गरिरहेका छन्। वैदेशिक रोजगारका लागि पाँच वर्ष मलेसिया बसेर एक वर्ष अघि मात्र घिसिङ नेपाल फर्कनुभएको हो । नेपालमा केही समय बसेपछि फेरि विदेश फर्कने उहाँको योजना थियो। तर परवलको आम्दानीले अब उहाँ विदेश नजाने सोचमा हुनुहुन्छ।

छिमेकीले परवल उत्पादन र बिक्रीबाट गरेको मनग्य आम्दानी थाहा पाएपछि घिसिङ पनि तरकारी उत्पादनमा लाग्नुभएको हो । नेपालमै विदेशको सरह मेहनत गरे कमाइ पनि विदेशमा सरह हुने रहेछ भन्ने उहाँलाई विश्वास लाग्यो । उहाँले भन्नुभयो, "विदेशमा जस्तै काम गर्ने हो भने, घर परिवारसगैं बसेर परिवार मज्जाले पाल्न सक्छु भनेर परवल खेतीमा लागे ।"

विदेशको कमाइसगँ बागमती बगरको परवल खेतीको हिसाबकिताब गर्दा परवल खेतीले जितेपछि विदेश नजाने निर्णयमा पुगेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "बागमती बगरमा पसिना मिसाउने सङ्कल्प गरैं, परिवारको समेत साथ पाएपछि बगरको खेतीले फेरि विदेश सम्झनु परेको छैन ।"घिसिङले परवल खेतीसगैं दूध उत्पादनका लागि पशुपालन समेत गरिरहनु भएको छ। उहाँले झण्डै १० कट्ठा बगरमा परवल खेती गर्नुभएको छ। परवल खेतीबाट मात्र वर्षमा सबै खर्च कटाएर रु सात लाखसम्म कमाइ हुने उहाँको दाबी छ । परवल किलोको रु १० देखि रु १०० सम्ममा बिक्री हुने गरेको उहाँको भनाइ छ । अन्य खेतीबाट पनि मेहनत अनुसारको कमाइ भइरहेको घिसिङले बताउनुभयो।

बागमती नगरपालिका-४, का धनबहादुर लामाले पनि विगत पाँच वर्षदेखि परवल खेती गरिरहनुभएको छ । स्थानीयको खेती देखेरै आफू पनि परवल खेतीमा आकर्षित भएको उहाँको भनाइ छ । मौसम १० कट्ठामा एक बजारमा ३५०० किलोसम्म परवल टिपेर बेचेको उहाँले बताउनुभयो।

परिवारमा आर्थिक उपार्जनको कुनै उपाए नभएका उनलाई पनि बगरमा सुरु गरेको परबर खेतीले नै भर दिएको छ। काँश र अन्य घाँसले ढाकेको यस बगरलाई बागमती नगरपालिकाको पहलमा सुकुम्वासी किसानलाई व्यवस्थित ढङ्गले बाँडेर खेती गर्न दिएको हो । त्यसयता मेहनतमा रमाउने किसानका लागि बगरमा परवल खेती कमाइको बलियो आधार बनिरहेको छ । नगरपालिकाको पहलमा बागमती नदीले छाडेको चार सय बिघा क्षेत्रफलमा एक हजार आठ सय परिवारले खेती गर्ने गरेका बागमती नगरपालिका-४ का वडाध्यक्ष कृष्णकुमार लामाले जानकारी दिनुभयो। बगर खेतीले विपन्न सुकुम्वासी परिवारलाई दैनिक हातमुख जोड्न निकै सहज भइरहेको उहाँको भनाइ छ।रासस

# बिआरआई परियोजना कार्यान्वयनको मोडलबारे छलफल जारी छन्: परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले चिनियाँ परियोजना बिआरआईको सञ्चालन एवं कार्यान्वयनका बारेमा छलफल जारी नै रहेको र यसबारेमा निर्णय भइनसकेको बताउनुभएको छ।

संङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बुधबारको बैठकमा सांसदहरुले राखेका जिज्ञासामा उहाँले सो स्पष्ट गर्नुभएको हो । सांसदहरुले नेपाल सरकारले चिनियाँ परियोजना बिआरआई ऋण या अनुदान कुन मोडलमा के कसरी सञ्चालन गर्न चाहेको हो भन्ने बारेमा परराष्ट्रमन्त्री डा राणासँग सो प्रश्न गर्नुभएको हो।



मन्त्री डा राणाले भन्नुभयो, "यस परियोजनाको 'फ्रेमवर्क डकुमेन्ट' मा नेपाल सरकारले पहिले नै हस्ताक्षर गरिसकेको छ। अब यसको कार्यान्वयनको मोडल के कस्तो हुने, यसलाई अनुदान या ऋण केमा सञ्चालन गर्ने भन्ने विषय निर्णय भइसकेको छैन, सर्वपक्षीय रुपमा सबैसँग आवश्यक छलफल गरी पछि निर्णय गर्नेछौं । यसमा व्यापक छलफल गर्नेछौं, जसरी एमसिसी परियोजनाका बारेमा पनि सबैसँग व्यापक रुपमा छलफल गरेर नै संसद्ले पारित गरेको थियो ।" परराष्ट्रमन्त्री डा राणाले नेपालले परराष्ट्र नीति निर्माण तथा कार्यान्वयन गर्दा नेपालको राष्ट्रियता, नेपालको हित र नेपाली नागरिकलाई केन्द्रमा राखेर बनाइने स्पष्ट गर्दै नेपालमा निर्माण हुने वैदेशिक सहायताका परियोजनाहरुमा पनि यो पक्षलाई राम्रोसँग ध्यान दिइने धारणा राख्नुभयो।

सांसदहरुको जिज्ञासामा मन्त्री डा राणाले नेपालको परराष्ट्र नीति पञ्चशीलका सिद्धान्तका मूल्या मान्यता एवं असंलग्नतामा आधारित नै हुने पनि स्पष्ट गर्नुभयो । इपिजीको प्रतिवेदनका विषयमा सोधिएको एक प्रश्नमा उहाँले भन्नुभयो, "सो प्रतिवेदन दुवै देशको सहमतिबाट नै बुझ्ने भन्ने रहेछ, तर कहाँ गएर रोकिएको छ भन्ने विषयमा अध्ययन गरेर अघि बढिने छ।"

हाल बङ्गलादेशमा विकसित घटनाक्रममा सबै नेपाली नागरिक सुरक्षित रहेको जानकारी पनि उहाँले गराउनुभयो । त्यहाँ अप्ठेरोमा परेका नेपाली विद्यार्थीहरुका लागि मन्त्रालयले अलग्गै डेस्क राखेर तथा ढाकास्थित नेपाली दूतावासलाई सक्रिय गराएर नेपाल आउन चाहनेलाई यहाँ आउनका लागि सहजीकरण गरिएको र बाँकी त्यहाँ रहेकाहरुको सुरक्षाका लागि ध्यान दिन निर्देशन दिइएको पनि मन्त्री डा राणाले जानकारी दिनुभयो । उहाँले हिजोसम्म करिब एक हजार चार सय विद्यार्थी नेपाल आइसकेको र त्यहाँ रहेकाहरु पनि सुरक्षित रहेका पनि जानकारी गराउनुभयो।

विदेशी भूमिमा यस्तै प्रकारका असहज परिस्थितिहरु उत्पन्न हुन जाँदा नेपालले आफ्ना नागरिकको उद्धारका लागि राष्ट्रियस्तरको कुनै त्यस्तो मापदण्ड नबनाएकाले नेपालीहरुको उद्धारका लागि अप्ठेरो हुने गरेको बङ्गलादेशको यो पछिल्लो घटनाबाट पाठ सिकिएकाले आगामी दिनमा यस कार्यका लागि एक विशेष प्रकारको मापदण्ड निर्माण गरिने पनि उहाँले जानकारी दिनुभयो।

त्यस्तै, नेपाली विद्यार्थीहरु विश्वका विभिन्न देशमा अध्ययनका लागि जाने गरेका भए पनि उनीहरु कहाँ कति जना छन् भन्ने बारेको जानकारी पाउन गाह्रो हुने भएकाले शिक्षा मन्त्रालयले अध्ययन अनुमतिपत्र दिने गरेकोबाहेक पनि एकीकृत सूचना प्राप्त गर्न सक्ने खालको एक अलग्गै वेबसाइट निर्माण गरेर त्यसमा सूचनाहरु राख्नुपर्नेमा पनि उहाँले जोड दिनुभएको थियो। यसले गर्दा नेपालीहरु कहाँ छन् भन्ने एकीकृत सूचना प्राप्त हुने र सम्बद्ध देशका दूतावासहरुलाई पनि उद्धारका लागि सजिलो हुने उहाँको भनाइ थियो।

विदेशमा रहेका नेपालीहरुको सहायताका लागि दूतावास र कन्सुलेटहरुलाई पनि समयानुकूल पुनर्संरचना गरी नेपालीहरु धेरै रहेका स्थानमा उनीहरुलाई सकभर पायक पर्नेगरी व्यवस्था गर्न आवश्यक रहेको पनि परराष्ट्रमन्त्री डा राणाले जानकारी दिनुभयो।

त्यसैगरी, रुस युक्रेन युद्धका कारण रुसी सेनामा रहेका नेपालीहरुको उद्धार र देशफिर्तीका लागि उच्च कूटनीतिक तहमा निरन्तर पहल भइरहेको पनि जानकारी गराउनुभयो । रुसी सेनामा ३४ जना नेपालीले ज्यान गुमाएका, २२ जनाको डिएनए परीक्षणका लागि दिइएको पुष्टि हुन बाँकी रहेको र युक्रेनमा युद्धबन्दीका रुपमा छजना रहेका जानकारी पनि उहाँले दिनुभयो । त्यस्तै, इजरायल प्यालेस्टाइन युद्धमा बेपत्ता बनाइएका विपिन जोशीको उद्धारका लागि नेपाल सरकारले सुरुदेखि नै उच्च तहमा द्विपक्षीय बहुपक्षीयस्तरमा कूटनीतिक पहल निरन्तर रुपमा गर्दै आएको पनि मन्त्री डा राणाले जानकारी दिनुभयो।

त्यस अवसरमा उहाँले पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले गर्नुभएको भ्रमणका क्रममा छिमेकी देश भारत र चीनसँग भएका पछिल्ला सम्झौताहरु र ती सम्झौताको कार्यप्रगतिका बारेमा पनि जानकारी गराउनुभएको थियो।

सांसदहरुले भैरहवा र पोखराका दुई अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गरी बढीभन्दा बढी विदेशी उडानहरु सञ्चालनमा ल्याउनका लागि पहल गर्न गरिएको आग्रहमा मन्त्री डा राणाले भन्नुभयो, "विगतमा र अहिलेसम्म यस विषयमा कुन देशसँग के कसरी प्रयास भइरहेका छन् त्यसबारेमा पहिले अध्ययन गरेपछि हामी अघि बढ्नेछौं।"

परराष्ट्रमन्त्री डा राणालाई सांसदहरु माधवकुमार नेपाल, महन्थ ठाकुर, सुनिता बराल, सुदन किराँती, शिशिर खनाल, एकनाथ ढकाल, उदयशमशेर राणा, भीमप्रसाद आचार्य, प्रेम सुवाल, डा धवलशमशेर राणा, दामोदर पौडेललगायतले प्रश्न गर्नुभएको थियो । आजको बैठकमा पहिलो सहभागिता रहेकाले पनि नवनियुक्त परराष्ट्रमन्त्री डा राणालाई सांसदहरुले सफल कार्यकालको शुभकामना दिनुभएको थियो।रासस

# बुद्ध दर्शनलाई कमजोर हुन दिइन्न : प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली भूमिका जन्मिएका सिद्धार्थ गौतमको ध्यानबाट सिर्जित बुद्धदर्शन वैज्ञानिकतामा आधारित भएकाले यसलाई कमजोर हुन नदिइने बताउनुभएको छ।




नेपाल मण्डल लिटरेचर कल्चर टष्टद्वारा बुधबार आयोजित बौद्ध विद्वान डा अजयक्रान्ति शाक्यद्वारा लिखित 'बुद्धका मौलिक दर्शन' पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन प्रधानमन्त्री ओलीले आफू बुधबार कार्यक्रममा आउँदा प्रशन्न चिन्तन लिएर आउने सोचमा रहे पनि अकल्पनीय रुपमा बुधबार भएको सौर्य एयरको विमान दुर्घटनास्थलमा पुगेर आउनुपरेकाले भारी मन लिएर आउन विवश भएको सुनाउनुभयो।

प्रधानमन्त्री ओलीले मृतकप्रति हार्दिक श्रद्धाञ्जली र मृतकका परिवारमा समवेदना व्यक्त गर्दै घाइते क्याप्टेनको स्वास्थ्यलाभको कामना गर्नुभयो । उहाँले नेपाली सामाजिक, धार्मिक र प्राकृतिक रुपमा विविधतायुक्त मुलुक भएकाले कसले कुन धर्म मान्छ, मान्दैन भन्ने कुरा बेग्लै भए पनि सरकारले नेपाल सबै नेपालीको साझा हो भन्ने कुरालाई आत्मसात् गर्ने स्पष्ट गर्नुभयो।

"नेपाल विश्वमा मानवतावादको चेतना फैलाउने र बुद्ध दर्शन दिने बुद्ध जन्मेको देश हो। सबै मानव र प्राणी जातिको भलो र करुणाको दर्शन दिने देश हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "बुद्धका शिक्षालाई प्राप्त गरेर विस्तार गर्नुपर्छ भन्ने सोचका साथमै प्रधानमन्त्री हुँदा सरकारले लुम्बिनीमा अन्तर्राष्ट्रिय ध्यान केन्द्र बनाएको थियो । राणाकालमा भिक्षुभिक्षुणी हुनुलाई अपराध मानिन्थ्यो । बुद्ध दर्शनलाई जटि बनाइनु हुँदैन । यो वैज्ञानिकतामा आधारित छ। हामी बुद्धका ज्ञान र शिक्षालाई विस्तार गराउने पक्षमा छौं।"

प्रधानमन्त्री ओलीले ज्ञानलाई थुपारेर राखेर नबढ्ने भएकाले डा शाक्यले आफूमा भएको ज्ञानलाई वितरण गरेकामा खुसी व्यक्त गर्नुभयो । उहाँले 'पुस्तकका लेखक एवं बौद्ध विद्वान डा शाक्यले आफ्ना बौद्ध धर्म-दर्शनअनुसार जीवन भनेको के-हो ? हामी किन जन्मिन्छौं ? किन मर्छौं ? मानिस भनेको के-हो ? यो भवचक्र किन चलिरहेको छ ? यी सबै प्राणीहरु भनेका के हुन् ? यो ब्रम्हाण्ड भनेको के-हो ? स्वर्ग नर्क आदि लोक भनेको के-हो ? पूर्व जन्म भनेको के हो ? कर्म भनेको के हो ? अनित्य, दुःख र अनात्म भनेका के-हुन् ? कर्म विपाक हुन्छ कि हुँदैन ? लोभ, मोह, तृष्णा आदि भनेका के हुन् ? चित्र चेतना भनेका के हुन् ?' जस्ता यावत् प्रश्नहरू बौद्ध दर्शनका पाठकसमक्ष स्पष्ट पार्न पुस्तक सहयोगी बन्ने अपेक्षा लिएको बताउनुभयो।रासस

# मानव अधिकार आयोगको निर्देशन

काठमाण्डु। राष्ट्रिय मानव अधिकार आयोगले लोकतन्त्रको भावना र संविधानको मर्मविपरीत हुनेगरी सार्वजनिक निकायमा नियुक्ति नगर्न/नगराउन निर्देशन गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा राज्यका महत्वपूर्ण संवैधानिक पदमा विवादमा आएका व्यक्तिलाई नियुक्ति नगर्न नेपाल सरकारलगायत सम्बन्धित निकायलाई निर्देशन गरिएको उल्लेख छ।

आयोगले नेपाल सरकार, संवैधानिक परिषद् तथा राज्यका विभिन्न जिम्मेवार तहबाट कार्यपालिका, संवैधानिक निकाय तथा विभिन्न सार्वजनिक निकायका उच्चपदमा फौजदारीलगायत विभिन्न अभियोगमा राज्यको कारबाही तथा छानबिन प्रक्रियामा रहेका एवं सामाजिक र नैतिक रुपमा विवादित व्यक्तिलाई नियुक्ति सिफारिस गरेको र नियुक्ति गर्ने क्रममा रहेको जानकारी आयोगलाई प्राप्त भएको जनाएको छ।

राज्यका निकायमा नियुक्ति हुने व्यक्तिहरु सामाजिक रुपमा स्वच्छ छवि भएको, विवादरहित, उच्च नैतिक चरित्र भएको र कानुनी रुपमा फौजदारी अभियोगमा सजायन भएको हुनुपर्दछ भन्ने लोकतन्त्रको आधारभूत मान्यता, सभ्य समाजको अपेक्षा र सार्वजनिक सरोकारको विषय हो।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की
यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन
२×२ लकजरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।
विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस । बद्रीनाथ र केदारनाथ समेत ।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जनआक्रोश चुलिंदै

साइकल वितरण , जानकी मन्दिरको सौन्दर्यकरण एवं विद्युतीकरण ,कमसल मार्वल प्रयोग सर्प पालन जस्ता प्रकरण विगतका मधेश प्रदेश सरकारका भ्रष्टाचारका चर्चित सूची छन् । यी प्रकरणहरुमा कतिपयले सफाइ पाइसकेका छन् कतिपय दोषी ठहर भइसकेका छन् । दोषी ठहर को सूचीमा तत्कालीन एकजना मन्त्री समेत छन् । तापनि भ्रष्टाचार नियन्त्रणको पक्ष सबल नभइ दुर्बल नै देखिन्छ । देशभरका प्रकरणतर्फ दृष्टि जाँदा पछिल्ला वर्षहरुमा यसको दायरा फराकिलो बन्दै गएको देखिन्छ। यतिखेर सहकारीको रकम ठगीदेखि आफ्ना लेटरहेड दुरुपयोग गरी मानव तस्करीका धन्दाको प्रयास तथ्य सार्वजनिक भएपछि कोही पनि अछुतो नरहेको बोध हुन्छ । यस कारण पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि सरकार समक्ष पहाड भएर उभिएको छ । यातायातमा सवारी लाइसेन्सका लागि परीक्षादेखि नवीकरणसम्म , मालपोतमा लेखनदासदेखि कार्यालय प्रमुख एवं शाखाका कर्मचारीसम्म ,नागरिकता सन्दर्भमा जिल्ला प्रशासनमा प्रत्येक शाखाका कर्मचारीदेखि प्रमुखसम्म , स्थानीय तहमा जनप्रतिनिधिदेखि प्रशाकीय अधिकृत एव. लेखपालसम्म भ्रष्टाचारीमा सूचीबद्ध हुने क्रम रोकिएको छैन । नक्सा पास , घर एवं जग्गा मूल्यांकनमा पनि प्राविधिकहरुले भ्रष्टाचार गर्ने गरेको उजुरीका सूचीमा छ । यी तथ्यहरुको पृष्ठभूमिमा राजनीतिक दल र नेता तथा कर्मचारी प्रशासनप्रति जनआक्रोश चुलिंदै गएको छ । जनआक्रोश चुलिंदै जानुमा राजनीतिक दल र नेता तथा कर्मचारीहरुमा भ्रष्टाचार नियन्त्रण साझा प्राथमिकताको विषय हुन नसक्नु हो । मन्त्रीहरुले आफन्तलाई स्वकीय सचिवमा राखी कमीसनको सञ्जाल बढाउँदे जानु , हरेक नियुक्तिमा आर्थिक चलखेल गर्नु , ठेक्कामा कमीसनको होड , योजना वितरण , योजना सम्पन्नसम्ममा पनि भ्रष्टाचारको जालो फैलिएको छ । नीतिगत भ्रष्टाचार र तथ्यगत भ्रष्टाचारका सन्दर्भहरु चिन्तनयि छ । सर्लाही जिल्लाको भरत ताल बाग्मती नगरपालिकाले निर्माण गरेको मानव निर्मित ताल हो । तर सुन्दरतालभित्रा कुरुप दृश्य अभियोगमार्फत अख्तियारले सार्वजनिक गरेको छ । उक्त ताल निर्माण गर्न संघ तथा प्रदेश सरकार सरकारले छपन्न करोड रकम उपलब्ध गराएकोमा दुई मिटर गहिरो निर्माण गर्ने प्रारम्भ गरिएको ताल नेपाल सरकार स्वीकृत नै सतरह मिटर बनाएकोबारे अख्तियारले अनुसन्धान गर्दा त्यहाँबाछ पैतीस लाख वालुवा निकाली तेरह लाख घनमिटर वालुवाको हिसाब नै गायब गरिएको खुलासा भएको छ । माछा , पोखरी , रिफ्रेस सेन्टर तथा समीक्षालय निर्माणका लागि भन्दै संघ , प्रदेश तथा स्थानीय तहबाट लिइएको छप्पन करोडको हिसाब नगरपालिकाले देखाउन नसक्दा नगर प्रमुख अदालतमा मुद्दा धाइरहेका छन् । यी एउटा प्रसंग मात्र हुन । यस्तै अन्य पालिकाका प्रमुख र कर्मचारीहरुले मुद्दा धाइरहेको सूची कम छैन् । भ्रष्टाचार नियन्त्रणका पक्ष सबल बनाउन सुशासनको विषयलाई मुख्य मुद्दा बनाउनु पर्छ ।

# धनीले कसरी खेल्छन् पैसाको खेल ?



अचुतकुमार ओझा

अमेरिकाका लगानीकर्ता चार्ली मुकारले भनेका थिए, “मेरो लक्ष्य धनी हुनु होइन, मात्र आर्थिक स्वतन्त्रता पाउनु थियो तर म धनी हुन पुगेँ ।” यस भनाइका आधारमा हामीले हाम्रो लक्ष्य आर्थिक स्वतन्त्रता हो वा सुरक्षा निर्क्यौल गर्नु जरुरी छ । मुकारले जस्तै आफूभित्र भएका स्वतन्त्रताको सम्भावनालाई जगाऔँ । गरिब र मध्यम वर्गका हरेक व्यक्ति आर्थिक स्वतन्त्रताभन्दा सुरक्षाको खोजीमा हुन्छन् । विशेष गरेर लगानी, उद्यमशीलता तथा व्यवसायभन्दा रोजगारी र ज्यालामा बढी भरोसा मान्ने स्वभावका हुने गर्छन् ।

वास्तवमा तिनीहरु जेलाई सुरक्षित भनिरहेका छन् त्यो नै सबैभन्दा जोखिम हुने गर्छ । खासगरी नोकरीलाई जति मायाका साथ सुरक्षित ठानेका छन्, त्यो नै सबैभन्दा जोखिम हो । हाम्रा नीति, नियम र कानुनहरुलाई हेर्‍यो भने हामीले सुरक्षित ठानेको जागिरमा के कति जोखिम छ थाहा पाइहाल्छौँ । सम्झनुहोस् तपाईंले सबैभन्दा सुरक्षित ठानेको निजामती सेवा वा सरकारी संस्थानका नोकरीहरु किन असुरक्षित बन्न सक्छ ? तपाईं शारीरिक वा मानसिक रुपमा अशक्त हुनु भयो भने नेपाल सरकारले के तपाईंलाई तलब दिइरहन सक्छ ? पक्कै सक्दैन । सामान्यतया ९० दिन बिनाजानकारी गयल हुनुभयो भने पत्रिकामा सूचना निकालेर नोकरीबाट बिदाइको प्रक्रिया सुरु हुनेछ । अझ निजी संस्थामा त्योभन्दा कम केही दिन वा हप्तामा नै जागिर हुनेछ । तर एउटा मध्यम परिवारका मान्छे त्यसैलाई सुरक्षित ठान्छ र ‘धनी बुबा गरिब बुबा’ पुस्तकका लेखक रोबर्ट टी. कियोसाकीले भने जस्तै ‘मुसा दौड’ मा आफूलाई बाँचुन्जेल दौडाइरहन्छ । धनीहरु यसैका लागि पैसाको खेल खेल्छन् तर गरिबहरु यसलाई बुझेर व्यावसायिक प्रणाली विकास गर्नुभन्दा तलब र पदोन्नतिका लागि बढी मरिहत्ते गर्छन् ।

‘द प्याराबल अफ द पाइपलाइन’ मा लेखक बर्क हेजेसले दुई पात्र पाब्लो र ब्रुनोको उदाहरण प्रस्तुत गर्दै एउटा सामान्य मान्छे कसरी धनी बन्न सक्छ ? कसरी आम्दानीको प्रणाली विकास गर्न सक्छ ? र कसरी सम्पत्ति सिर्जना गर्न सक्छ ? यसले कसरी धनी बनाउन सक्छ ? भनेर प्रस्तुत गरेका छन् । खासगरी ब्रुनो र पाब्लो एउटा गाउँमा बाल्टिनमा पानी बोकेर बेच्न तल्लीन रहन्छन् तर पाब्लो हाललाई ब्रुनोले भन्दा कम आम्दानी भए तापनि सँगै गाउँदेखि खोलासम्म पाइपलाइन बिच्छ्याउन थाल्छ तर जब ‘पाइपलाइन’ ओच्छाएर सफलता मिल्छ तब दीर्घकालमा ब्रुनोको भन्दा धेरै आम्दानी पाब्लोको हुन जान्छ । अर्थात् पाब्लोबाट ऊ ‘पाब्लो द पाइपलाइन विल्डर म्यान’ बन्न पुग्छ तर ब्रुनो ‘बकेट क्यारियर’ अर्थात् ‘बकेट म्यान’ नै भइरहन्छ । पाब्लो आर्थिक रुपमा स्वतन्त्र हुन पुग्छ, ऊ जाँदा वा नजाँदा, बिरामी हुँदा वा नहुँदा सबै अवस्थामा आम्दानी भइरहन्छ तर ब्रुनो आफैँले काम गर्दा मात्र आम्दानी हुन सक्ने अवस्थामा रहन्छ । सधैँ ‘टाइम फर मनी ट्र्याप’ मा परिराख्छ ।

धनीहरु सधैँ पाब्लो जस्तै पाइपलाइन बिच्छ्याउन रुचाउँछन् । उनीहरु जान्दछन् पाइपलाइन नै ‘लाइफलाइन’ हो । आर्थिक स्वतन्त्रताका लागि हरेकले आफ्नो आम्दानीको पाइपलाइन बनाउन आवश्यक छ । हरेक धनीसँग आफू जान चाहेको गन्तव्यको स्पष्ट मार्गचित्र हुने गर्दछ । गरिबहरु हावामा मुक्का हाने जस्तै जिन्दगीको बास्केटबलमा बिनाबास्केट ‘स्कोर’ गर्न खोज्छन्, अझ अगाडि बढेरभन्दा गोलपोष्टबिना नै फुटबलमा गोल गर्न रुचाउँछन् । यसले उनीहरुलाई उद्देश्यहीन र दिशाहीन यात्रामा बरालिदिन्छ तर धनीहरु सधैँ स्पष्ट ‘ब्लुप्रिन्ट’ बोकेर आफ्नो यात्रामा लम्कने गर्दछन् । सम्पत्तिका विषयमा हामी स्पष्ट हुन आवश्यक छ ।

### सिक्नका लागि काम गरौं, कमाउनका लागि होइन

धनीहरुले पनि जागिर गर्नेगर्छन् तर कहिले त्यसैबाट आर्थिक स्वतन्त्रता पाउने विश्वास गर्दैनन् । केवल अनुभव, सीप, बचत र ज्ञान लिनका लागि रोजगारी गर्ने गर्छन् । उनीहरु नोकरीसँग त्यस्तो प्रेम गर्दैनन् जुन मध्यम परिवारकाले गर्ने गर्छन्, जसको भरोसामा जीविकोपार्जन र सेवानिवृत्त कुर्न सक्छन् तर धनीहरु कहिले आफ्नो समय पैसाका लागि बर्बाद गर्न तयार रहँदैनन् । उनीहरुलाई थाहा छ समय सीमित छ तर पैसा असीमित छ । १२ महिना काम गरेर केवल आठ महिनाको मात्रै पारिश्रमिक पाइन्छ, करिब ३० प्रतिशत अर्थात् चार महिनामाथिको ज्याला पहिला कर तिरेर भुक्तानी हुने महिना वारि वा पारि जान नदिने अभियानले मानिसको समृद्धि र सम्पन्नताको ढोका ढक्ढक्याउन सक्दैन । यसैले नोकरीभन्दा थप केही गर्न आवश्यक छ ।

### छुटको ‘अफर’

धनीहरु पनि सेलमा खरिद गर्न रुचाउँछन् तर गरिबहरुले जस्तो दरबारमार्ग र महलहरुमा होइन । उनीहरुलाई थाहा छ, ती सेलहरुमा गरिएको खर्च कहिले फर्केर आउन सक्दैन ।



यसैले उनीहरु शेयर बजार, रियलस्टेट र प्रतिफलमुखी लगानीका क्षेत्रहरु जहाँ पैसा बनाउन सकिन्छ त्यस्तो स्थानमा सेल लाग्दा किन्न रुचाउँछन् । सबैभन्दा गम्भीर प्रश्न केहो भने ‘वारेन्ट बफेट’ले भने जस्तै तिमी आफूलाई नचाहिने वस्तु जम्मा गरेर बस्छौँ भने त्यसको बदलामा चाहिने सामान छुट्ने छ । यसैले सेलमा जानुभन्दा पहिला त्यसलाई बुझ्ने कोशिस गरौँ ।

### पहिला आफूलाई भुक्तान गरौं

एउटा सामान्य व्यक्ति त्यही गर्छ जो हामी गर्ने गर्छौं अर्थात् आम्दानीबाट सबैभन्दा पहिला खर्च, नपुगेमा कर्जा सापटी र त्यति गर्दा पनि पैसा नसकिएमा बल्ल आफूलाई भुक्तानी गर्ने आम मानिसको आदत हो । बेबिलानको ‘सबैभन्दा धनी मानिस’ पुस्तकमा लेखक जर्ज एस. क्लासनले खाली पर्स भर्ने सातवटा तरिका बताएका छन् । त्योमध्ये ‘सबैभन्दा पहिला आफूलाई भुक्तान गर्नूहोस्” एक चर्चित तरिका हो ।

‘हरेक बिहान १० वटा अण्डा बास्केटमा राख्नुभयो र साँझमा नौवटा मात्रै निकाल्न थाल्नुभयो भने त्यो बास्केट भरिन कति समय लाग्ला सजिलै अनुमान गर्न सकिन्छ । अर्थात् धनीहरुले १०/९० को त्यो सूत्र सिकेका छन् । यसैले सबैभन्दा पहिला जुनसुकै अवस्थामा पनि १० प्रतिशत आफूलाई भुक्तान गर्छन् अनि मात्रै बाँकी खर्च गर्ने गर्छन् ।’ उनीहरु पैसालाई काममा कसरी लगाउने जान्दछन् । तर एउटा गरिब व्यक्ति आम्दानी बढेसँगै खर्च बढाउन थाल्छ, अनि खर्चलाई नियन्त्रण गर्न सक्दैन । यो नै सबैभन्दा महाभूल हो ।

### धनको अनौपचारिक शिक्षा पढौं

स्कुल शिक्षा र भान्छाको टेबलमा हुने शिक्षाको तागत फरकफरक हुने गर्छ । राज्य र शिक्षा नीति नागरिकलाई आर्थिक स्वतन्त्रताभन्दा पैसाको दासत्व स्वीकार्न लगाउने प्रकृतिको छ । रोबर्ट टी कियोसाकीले भने जस्तै ‘९७ प्रतिशत मानिससँग भएको सम्पत्ति र तीन प्रतिशत धनीसँग भएको धनदौलत बराबर हुनुको एउटै कारण अनौपचारिक शिक्षा हो ।’ उनको तर्क छ हरेक धनी व्यक्ति र सामान्य व्यक्तिले स्कूलमा लिएको शिक्षा समान छ तर उमेर बढ्दै जाँदा सम्पत्तिको मामलामा नतिजा किन फरक आउँछ ? कारण एउटै छ ती तीन प्रतिशत सम्भ्रान्त व्यक्तिले औपचारिक शिक्षाको साथ घरमा नै थप अनौपचारिक शिक्षा पाउन सफल भए । यसैको परिणाम धनको सम्बन्धमा अनौपचारिक शिक्षा पाउनेहरुले जागिरका लागि तयार पार्ने, लोकसेवाका लागि प्रोत्साहित गर्ने र पैसाको लागि मेहनत गर्न सिकाउने सीमित शिक्षा लिएकाहरुलाई काममा लगाएर आफू आर्थिक स्वतन्त्रता पाउन सफल भए ।

औपचारिक शिक्षाले हाम्रो सोच यसरी डोर्‍यायो कि दशैँको टीका लगाउँदा र जन्मोत्सव मनाउँदासमेत आफ्ना सन्ततिलाई आशीर्वाद दिँदा ‘स्कूल जाऔँ, राम्रो नम्बर ल्याऔँ र सुरक्षित जागिर खोजौँ’ भन्ने गर्छौं हामीले कहिले स्वीकार गरेनौँ । स्कूलमा त पैसाका बारेमा सिकाइ हुँदैन, बरु सबै समस्याको जड पैसालाई देखाइन्छ । जुनकुरा धनीहरुले बुझे र आफ्ना सन्तानहरुलाई पलङको सिरानीमा पल्टँदै गर्दा सिकाउन र थाले तर कमजोर परिवारकाले थाहा नै पाउन सकेका छैनन् । धनको जादुका लागि औपचारिक मात्र नभई अनौपचारिक शिक्षा मूल कुरा हुन आइपुगेको छ ।

### लगानीमा भिन्नता हेरौं

धनीहरु घाँटीमाथि लगानी गर्ने गर्छन् । तालिम, शिक्षा र प्रशिक्षण दिएर आफ्नो दिमागी कसरत गरिरहन्छन् । एउटा धनसम्बन्धी सूत्रमा अभ्यस्त भएपछि फेरि नयाँ सूत्र सिक्न थाल्छन् । उनीहरुलाई के थाहा छ भने त्यो गरीब होस् वा धनी हरेक व्यक्ति पैसा आउने काम दोहोर्‍याएर गर्ने गर्छ । गरिबहरु मान्नुहोस् बिहान मन नभएर पनि एउटा सवारी चालक पैसाका लागि साधन लिएर सडकमा निस्कन्छ ।

अर्को जागिरे रातभर आफ्नो नोकरीलाई गाली गरेर पनि १० बजे कार्यालयमा पुग्न हतारिन्छ तर धनीहरु पनि पैसाका लागि एउटै काम बारम्बार गर्ने गर्छन् तर उनीहरु आफूलाई मन परेको काम गर्ने गर्छन् । यसका लागि उनीहरुमा सिक्ने क्रम तबसम्म चलिरहन्छ जबसम्म आफूमा निपूर्णता आउँदैन । उनीहरु सिक्न रमाउँछन् तर एउटा मध्यम परिवारको मानिस घाँटीभन्दा तल लगानी गर्न रुचाउँछ । आफूलाई सम्पन्न देखाउन ब्रान्डेड कपडा, जुत्ता र चस्मामा लगानी गर्छ । अझ साथी र छिमेकलाई देखाउनकै लागि ठूला घर र गाडीहरु खरिद गर्छ । कहिले फिर्ता नहुने दायित्व बनेर भरिएको पर्स रित्ताउन मात्रै लागिपर्छ । यसले प्रतिफल दिन सक्दैन जुन कुरा धनीहरुले बुझेका हुन्छन् ।

### प्रतिफल छिटो हुन सक्छ तर छोटो बाटो असम्भव

आफैँ अर्बपति बनेकाहरु हेनरी फोर्ड र थोमस एडिसनजस्ता दुई हजारभन्दा बढी सफल व्यक्तिका बारेमा २० वर्ष लगाएर अध्ययन गरी लेखिएको ‘सोच्नुहोस् र धनी बन्नुहोस्’ पुस्तकका लेखक नेपोलियन हिलले लेखेका छन्, “‘गर्भे चिट्ठा’ नपरेका अर्बपतिहरुले कहिले छोटो बाटोबाट आफूलाई स्थापित गर्न सकेनन् र छोटो बाटोको रुचि पनि राखेनन्, जब सफलता नजिक आएको थाहा पाए तब छिटो हुने उपाय भने खोजी गरेको देखियो ।” कैयौँ छिटो सफल पनि भए ।

स्वयं वारेन्ट बफेटलाई हेर्ने हो भने जीवनको आठ दशक लगानी गरेर उनले बनाएको सम्पत्ति यदि त्यसको आधा दशक मात्रै गरेर छोडिदिएका भए के आजको यो सम्पन्नता सम्भव थियो ? अवश्य थिएन । यसैले धनीहरुले कारोबारी भएरभन्दा व्यवसाय र उद्योग नै स्थापना गरी लामो समयको अन्तरालमा शेयर बेचेर धनी भएको देखिन्छ । शेयर किनेर मात्र नभई सम्पत्ति सिर्जना र त्यसको शेयर बेचेर धनी हुन जान्नु आवश्यक छ । तर गरिबहरु आजको केही दिन वा हप्तामा लगानी गरेको दोब्बर वा कैयौँ गुणा सम्पत्ति बढ्ने लोभमा लगानी गर्ने गर्छन्, त्यो लगानी र व्यवसायमा सम्भव छैन । त्यसका लागि चिट्ठा किन्नु उपयुक्त हुन्छ । यसैले बफेटले भने जस्तै ‘लामो गतिमा दगुर्ने घोडामा बाजी लगाउनेहरुले कहिले हार्नु पर्दैन’ । धनीहरुले त्यो जानेका हुन्छन् ।

समग्रमा धनीहरुले मानिसको दिमागमा संसार हल्लाउन आउने विचारलाई कसरी वस्तुमा परिवर्तन गर्न सकिन्छ निरन्तर सिकिरहेका हुन्छन् । नयाँ सोच विकास गर्न र विकास भएका सोचलाई धनमा बदल्न आफूलाई निरन्तर प्रशिक्षित गर्दै आएका छन् । पैसाको सिद्धान्त पढेर नभई अभ्यासबाट मात्रै सम्भव देखिन्छ । यसैले धनीहरु शून्यबाट एक हुन सम्पत्ति सिर्जनाका नयाँ खोजमा निरन्तर आफूलाई लगाइरहेको देखिन्छ । सम्पत्तिको परिभाषा फेरिएर ‘टाइम इज मनी’ को स्थानमा ‘आइडिया इज मनी’ हुन आइपुगेको छ । संसारका केही धनीलाई उदाहरणका रुपमा लिने हो भने एलन मस्कले विवाइडी इलेक्ट्रिक भेकल, जेब बेजोफले अनलाइन कारोबार अमेजन र जुर्कर वर्कले सामाजिक सञ्जाल फेसबुकमार्फत नयाँ सम्पत्ति सिर्जना गरेर विश्वमा राज गरिरहेका छन् । हाल एलन मस्क न्युरोलिङ्कमार्फत सम्पत्ति सिर्जना गर्न तल्लीन छन् ।

सबैभन्दा चाखलाग्दो विषय त आर्टिफिसियल इन्टेलिजेन्ट (एआई), द्रुतगतिको इन्टरनेट र रोबर्टको विकास जस्ता आधुनिक प्रविधिले गर्दा हिजो पाँच/छ दशकमा जन्मने अर्बपति अहिले दुई/तीन वर्षमा सजिलै सम्भव बनेको छ, जुन अनुसन्धान र विकासमा धनीहरु निरन्तर छन् । अर्कोतिर धनीहरु सधैँ छिटोभन्दा छिटो आर्जित आय (तलब र ज्याला आदि) लाई निष्क्रिय आय (भाडा र ब्याज आदि) र पोर्टफोलियो आय (शेयर र बन्डलगायत कागजी सम्पत्ति आदि) मा रुपान्तरण गर्न सक्रिय रहने गर्छन् । उनीहरुले बुझेका हुन्छन्, आर्जित आयलाई जतिछिटो बिर्सन सकिन्छ र बाँकी दुई आयको आकार र क्षेत्र बढाउन सकिन्छ । ‘फाइनान्सियल इनडिपेन्डेन्सी’ पुस्तकमा लेखक ग्रेन्ट सबाटियरले भने जस्तै ‘जीवनमा उति चाँडो आर्थिक स्वतन्त्रता र सेवा निवृत्ति लिन सम्भव छ’ । यसैले हरेक व्यक्तिले आम्दानीको पाइपलाइन, सम्पत्ति सिर्जना र आय रुपान्तरण कला जान्न, सिक्न र आफ्ना बालबालिकालाई सिकाउन थालौँ । धनीले कसरी खेल्छन् पैसाको खेल ? पढेर मात्रै पुग्दैन अलिकता अगाडि बढेर आफ्नो जीवनमा अभ्यास गरेर हेरौँ । (लेखक शेयर बजारका जानकार हुनुहुन्छ)रासस

# सडकले निम्त्याएको सास्ती

ध्रुवसागर शर्मा

म्याग्दीको विकासका लागि ‘लाइफ लाइन’ भनिएका बेनी-जोमसोम र बेनी-दरबाङ सडकले जनतालाई सुविधा बढी दिए कि सास्ती ? अहिले यही विषयलाई लिएर जिल्लामा बहस हुने गरेको छ । विकासका लागि सडकलाई पहिलो पूर्वाधार मानिन्छ तर म्याग्दीको सन्दर्भमा भने सडककै कारण जनताले पाएको सास्ती र सुविधाको तुलना गर्नुपर्दा ढुक्कसँग सुविधा बढी भनेर भन्न सकिने अवस्था छैन ।

सुविधाकै लागि भनेर सडक निर्माण गरिन्छ । सडक यात्रीहरुको सुविधाका लागि मात्र नभएर ढुवानी, बजारीकरण र गाउँ र सहरलाई जोड्ने माध्यम पनि हो । म्याग्दीको सदरमुकाम बेनी बजार राष्ट्रिय राजमार्ग (बेनी-मालढुङ्गा-पोखरा) सँग जोडिएको करिब तीन दशक भयो ।

विसं २०४८ मा ‘कामका लागि खाद्यान्न’ कार्यक्रमअन्तर्गत सुरु गरेर २०५२ सालमा मार्ग खुलेको बेनी-मालढुङ्गा सडक निर्माण भएपछि म्याग्दी राष्ट्रिय राजमार्गसँग जोडिएको थियो । जिल्ला सदरमुकाम बेनी राष्ट्रिय राजमार्गसँग जोडिएको १२ वर्षपछि २०६४ सालमा नेपाली सेनाले बेनी-जोमसोम सडकको ‘ट्र्याक’ खोलेर २०६७ सालमा सडक विभागलाई हस्तान्तरण गरेको हो । ७६ किलोमिटर दूरीको यो सडकमार्गबाट हिमालपारिको जिल्ला मुस्ताङलाई देशको सङ्घीय राजधानी काठमाडौँ, प्रदेशको केन्द्र पोखरालगायत देशका अन्य सहरहरुसँग जोड्ने एकमात्र माध्यम हो । कालीगण्डकी नदीको तिरैतिर, अनेकौँ भिर र पहरालाई छिचोल्दै यात्रा गर्नुपर्ने यो सडकको अन्य कुनै विकल्प नहुँदा ज्यानको माया मारेर यात्रा गर्नुपर्ने बाध्यता रहेको छ ।

यस सडकमा खस्ने पहिराले सवारीसाधनमा क्षति पुग्ने र यात्रुलाई चोट लाग्नुका साथै आवतजावत बन्द हुँदा जोखिम, झन्झट र सास्तीपूर्ण बनेको हो । बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा गत असारयता दैनिकजसो यातायात अवरुद्ध हुने गरेको छ । वर्षाले गर्दा नियमित रुपमा पहिरो झरेकाले यातायात सञ्चालन गर्न नसक्दा मुस्ताङ जाने र मुस्ताङबाट फर्कने पर्यटक, तीर्थयात्री र सवारी साधनहरुलाई समस्या भएको मुस्ताङबाट बेनी फर्कंदै गरेका रमेश अधिकारीले जानकारी दिनुभयो । “सडक खुलेको १७ वर्ष बितिसक्दा पनि राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम सडकखण्डमा सधैँ सास्ती हुने गरेको छ । कमजोर भू-बनोट र कालीगण्डकी नदीको कटानका कारण हिउँद्मा सुक्खा पहिरो र वर्षामा बाढीपहिरोका कारण यो सडकमा ज्यानकै जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता छ”



उहाँले भन्नुभयो । “राष्ट्रिय गौरवको आयोजना भनेर परिभाषित गरेको कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडक जोखिमको पर्याय बनेको छ । यो सडकको न अर्को कुनै विकल्प छ न त सडक वन्द गर्न सकिने अवस्था नै । हिउँद होओस् वा बर्खा भगवान् पुकार्दै ज्यानकै माया मारेर यो सडकमा यात्रा गर्नुपर्ने बाध्यता छ,” म्याग्दीको पर्यटन अभियन्ता तथा बेनी बजारका व्यवसायी राजेश शाक्यले बताउनुभयो ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाको बेनी-लेतेसम्मको ३८ किलोमिटर सडकमा ३५ वटा सानाठूला पहिरा रहेको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुवकुमार झाले बताउनुभयो । “ती पहिरोहरुमध्ये वैसरी पहिरो, सिरुवारी पहिरो, गुइठेपहिरो र खामभित्ता पहिरो ‘अति जोखिमपूर्ण’ पहिरा हुन् भने १४ पहिरोलाई जोखिमयुक्त पहिरोको सूचीमा राखेका छौँ,” उहाँले भन्नुभयो ।

कालीगण्डकी करिडोरअन्तर्गत मालढुङ्गा-बेनी-जोमसोम-कोरोला सडक आयोजनाले गलेश्वर पहिरो, तातोपानी पहिरो, लाटाखोला पहिरो, रुप्सेछहरा र काप्रेभिर जोखिमपूर्ण पहिरोसहित सबै पहिरो व्यवस्थापनमा रु ७० करोडभन्दा बढी लागत लाग्ने बताइएको छ । “अति जोखिमयुक्त र जोखिमयुक्त पहिरो प्रभावित क्षेत्रमा वैकल्पिक सडकबाट यातायात सञ्चालनको सम्भावना पनि छैन,” आयोजना प्रमुख झाले भन्नुभयो ।

पाखोबाट खस्ने ढुङ्गा र पहिराले गुडिरहेका सवार ीसाधनलाई क्षति पुग्ने र यात्रुलाई चोटपटक लाग्ने गरेको छ । दुई वर्षदेखि बैसरीमा पनि पहिरो खस्न सुरु भएको छ । वैकल्पिक रुपमा सडक स्तरोन्नतिमा ध्यान नदिँदा ठूला सवारीसाधन पहिराले रोकिनुपर्ने अवस्था छ । भिर खनेर बनाइएको बेनी-जोमसोम-कोरला सडक, सडक माथि र तल भिर, भिरमाथिको पाखो, भूमिगत पानी र पहिरोले चिराचिरा परेको भूगोलका कारण यो सडकमा पहिरो खसिरहने हुँदा जोखिम बढ्नाका साथै सडक अवरुद्ध हुने गरेको सुपरभाइजर इन्द्रसिंह शेरचनले बताउनुभयो । सडकमा थुप्रिने पहिरो डोजरको सहायताले पन्छाउने गरिएको पनि उहाँले जानकारी दिनुभयो ।

वर्षाका कारण ढुङ्गा र माटोसहितको लेदो खसिरहने र ठाउँठाउँमा पहिरो जाने भएकाले यात्रु तथा सवारीसाधनलाई आवश्यक सुरक्षा सावधानी अपनाएर यात्रा गर्न अनुरोध गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । म्याग्दीको तिल्केनीदेखि मुस्ताङको घाँसासम्म सडकको डिलतर्फ पहाडको खोँच छिचोलेर उर्लँदै बगेको कालीगण्डकी र कुनातर्फ विशाल पहरा र भिरबाट आउने पहिरोले बेनी-जोमसोम सडकको अधिकांश भाग खतरायुक्त रहेको प्रहरीले जनाएको छ ।

उक्त सडक कालीगण्डकी करिडोरमा समेटिएपछि विगत सात वर्षदेखि स्तरोन्नति र चार वर्षदेखि कालोपत्रको काम सुरु भएको छ । तर प्रत्येक वर्ष जेठदेखि असोजसम्म बाढीपहिराका कारण सडकमा काम गर्न सकिने अवस्था नरहने हुँदा बर्सेनि यात्रीले सास्ती खेप्दै आउनुपरेको बेनी-जोमसोम सडक आयोजनाका प्रमुख झाले बताउनुभयो । भिरकोट र बाँदरजुङ्गे भिरमा सडक बनाउन नयाँ प्रविधि भित्र्याउन सडक विभागले अध्ययन गरेको थियो । सुरुङ र हाफ ब्रिज प्रविधि प्रयोग गर्ने विकल्पमा सम्भाव्यता अध्ययन भएको बताइए पनि काम सुरु हुन नसकेको स्थानीय जनप्रतिनिधिले बताएका छन् । गत सोमबार गलेश्वरमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि बेनी-जोमसोम-कोरला सडकको उत्पन्न गरेको समाधानविहीन समस्याको विषयमा छलफल भएको थियो । आयोजना प्रमुख झाले विकल्पविहीन सडकले निम्त्याएको जोखिम र समस्याका बारेमा आयोजना एक्लैले केही गर्न नसक्ने र सबै पक्षको उत्तिकै चासो रहनुपर्ने बताउनुभएको थियो ।

“प्रदेशकै लाइफलाइन मानिएको सडकमा बर्सेनि कैयौँ व्यक्तिहरुको ‘लाइफ इन्ड’ हुने गरेको छ”, रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले भन्नुभयो, “२०६४ सालदेखि नै यस सडकको अवस्था सुधार्ने धेरै प्रयास भए पनि संवेदनशील भूगोल र परम्परागत प्रविधि प्रयोगका कारण सडकको अवस्था जस्ताको त्यस्तै रहेको छ ।”

बेनी-जोमसोम-कोरला सडकको म्याग्दी खण्डमा बाढीपहिरोको जोखिम रहेकाले रातको समयमा यात्रा नगर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ । बर्सातको समयमा वर्षाजन्य विपद्का कारणबाट हुने सवारी दुर्घटनालाई दृष्टिगत गर्दै सडकखण्डको म्याग्दी क्षेत्रमा रहेको जोखिमपूर्ण स्थानमा पहिरोग्रस्त लेखिएको सूचनाबोर्ड राखिने, रातको समयमा यात्रा गर्दा फस्ने यात्रुलाई उद्धारमा समस्या हुने प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो । “रातको समयमा यात्रा निकै जोखिमपूर्ण छ, बाढीपहिरोग्रस्त क्षेत्रमा सूचना बोर्ड राख्दैछौँ, ट्राफिक प्रहरीलाई समेत रुटको अवस्थाका बारेमा जानकारी गराउने गरी खटाइएको छ,” प्रजिअ ढकालले भन्नुभयो ।

### ‘अति जोखिमपूर्ण’ चारओटा पहिरो पहिचान

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गतको बेनी-जोमसोम सडकमा चारओटा ‘अति जोखिमपूर्ण पहिरो’ पहिचान भएका छन् । भूगर्भविद्हरुबाट अहिले भइरहेको भौगर्भिक अध्ययनअनुसार बेनीदेखि लेतेसम्मको ३८ किलोमिटर सडकमा ३५ वटा सानाठूला पहिरा रहेकामा बैसरी पहिरो, सिरुवारी पहिरो, गुइठेपहिरो र खामभित्ता पहिरो ‘अति जोखिमपूर्ण’ पहिरा पहिचान भएका बेनी-जोमसोम-कोरोला सडक आयोजना प्रमुख ध्रुव झाले जानकारी दिनुभयो ।

उहाँका अनुसार गलेश्वर पहिरो, तातोपानी पहिरो, लाटाखोला पहिरो, रुप्सेछहरा र काप्रेभिर पहिरोलाई जोखिमपूर्ण पहिराको सूचीमा राखिएको छ । पहिरोको विस्तृत अध्ययन भइरहेकोले पहिरो नियन्त्रणका लागि लागत अनुमान तथा डिपिआर निर्माण गर्ने काम भने अझै बाँकी रहेको उहाँले जानकारी दिनुभयो । “बेनी-जोमसोम-कोरोला सडकको म्याग्दी खण्डमा पर्ने ३८ किमी सडक खण्डमा पर्ने पहिराको भौगर्भिक अध्ययन भइरहेको छ, अहिलेसम्म चारओटा अति जोखिमयुक्त पहिरो पहिचान गरी सूचीकृत गरिएको छ,” आयोजना प्रमुख झाले भन्नुभयो ।

“बेनी-लेते खण्डमा रहेका ३५ ओटा पहिराहरुमध्ये नौओटा पहिरो मनसुन याममा यात्रा जोखिमपूर्ण रहेका पाइएको छ,” मालढुङ्गा-बेनी-जोमसोम-कोरोला सडक आयोजना इन्जिनियर विष्णु चापागाईंले भन्नुभयो, “यी स्थानमा वर्षा हुने बित्तिकै पहिरो खस्ने भएकाले मनसुन अवधिभरका लागि एस्काभेटर र लोडर स्ट्यान्डबाई राखेका छौँ । यो सडकमा यात्रा गर्दा अलि सचेत हुनुपर्ने देखिएको छ ।”

मनसुन सुरु भएपछि बेनी-लेते खण्डका यी पहिरोहरूले दिनमा कहीँ न कहीँ यातायात अवरुद्ध हुन्छन् । पहिरोग्रस्त भिरमाथिबाट पानी पर्दा निरन्तर लेदो र ढुङ्गा खस्ने भएकाले पैदल तथा सवारी साधनका यात्रु जोखिममा छन् । अति जोखिमयुक्त मानिएका बैसरी, सिरुवारी, गुइठे र खामभित्ता पहिरोमा जमिनभित्र मूल निक्लने र भित्रभित्र बग्ने समस्या रहेकाले अति कम्प्लेक्स देखिएकाले पहिरोभित्र पाइप छिराएर होरिजेन्टल ड्रेनमार्फत जमिनभित्रको पानी बाहिर निकाल्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

### जति पन्छायो त्यति खस्छ फापरखेतको पहिरो

डेढदशक देखि करोडौँ खर्चिएर स्तरोन्नति तथा हरेक बर्खाको समयमा दर्जनौँ पटक मर्मत गरिए पनि पश्चिम म्याग्दीको ‘लाइफलाइन’ मानिएको बेनी-दरबाङ सडकको फापरखेतको पहिरो झनझन् भयानक बन्दै सधैँको टाउको दुखाइ बनेको छ । बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने यो पहिरो झनै फराकिलो बन्दै जाँदा रोकथामका साथै वर्षा नहुँदासमेत जोखिम बढेपछि आवतजावतमा समस्या भएको छ ।

पहिरोको विकल्पमा वैकल्पिक सडक र म्याग्दी नदीमा बेलिब्रिज निर्माणका लागि प्रारम्भिक अध्ययनमै सीमित भएपछि अहिले पश्चिम म्याग्दीका तीन स्थानीय तहबाट सदरमुकाम बेनीसम्म आउनजान पनि निकै समस्या हुने गरेको यात्रुको भनाइ छ ।“यो पहिरोमा अब हिउँदको समयमा पनि यात्रा गर्न जोखिम हुन्छ, वैकल्पिक सडकमा सरोकारवालाले ध्यान नदिँदा समस्या ज्यूँका त्यूँ छ,” मङ्गला गाउँपालिका-१, कुहुँका दीपशिखा माविका प्रधानाध्यापक डा नन्दबहादुर खत्रीले भन्नुभयो । उहाँले अहिलेको अवस्थामा प्रयोग भइरहेको वैकल्पिक सडकमा मोटरसाइकलबाट आवतजावत गर्नसमेत निकै समस्या भएको बताउँदै तत्काल वैकल्पिक सडक र बेलिब्रिज निर्माणमा ढिलाइ गर्न नहुने बताउनुभयो ।

# मन्त्रिपरिषद् बैठक : २०८२ असारसम्म सडक बालबालिका मुक्त राज्य बनाइने

काठमाण्डु । सरकारले २०८२ असार मसान्तसम्म नेपाललाई सडक बालबालिकामुक्त राज्य बनाउने निर्णय गरेको छ । गत असार ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जानकारी दिनुभयो ।



बैठकले बाढीपहिरा जस्ता विपद्का कारण बेपत्ता भई घटना घटेको १० दिनसम्म पनि फेला पर्न नसकेको व्यक्तिका परिवारलाई मृतक सरह राहत रकम उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले देशका विभिन्न भागमा हालै गएको बाढी पहिरामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण, पीडित परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

बैठकले कीर्तिपुर क्रिकेट मैदानमा अन्तर्राष्ट्रिय मापदण्डअनुरुप ‘फ्लड लाइट जडान’ र ‘प्यारापिट’ निर्माणको कार्य तीन सय दिनभित्र सम्पन्न गर्ने निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो । बैठकले नेपाल सरकारको प्रवक्तामा सञ्चार तथा सूचना प्रविधिमन्त्रीलाई तोकेको छ ।

परिवर्तित सन्दर्भमा मन्त्रिपरिषद् र मन्त्रिपरिषद्का विभिन्न समितिमा प्रक्रियामा रहेका वा प्रक्रियामा नलगिएका सम्पूर्ण प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता गर्ने निर्णय भएको उहाँले जानकारी दिनुभयो । मन्त्रिपरिषद्ले नेपाल सरकारको रिक्त मुख्यसचिव पदमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (हाल निमित्त मुख्यसचिव) लीलादेवी गड्तौलालाई कायम मुकायम मुकरर गरेको छ ।

बैठकले नेपालमा लोकतन्त्र स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलनमा वीरगति प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति सम्मान र श्रद्धाञ्जली अर्पण गरेको छ ।रासस

# विमान दुर्घटनाबारे प्रधानमन्त्रीको प्रतिक्रिया, ‘अब यस्तो घटना नहोस’

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी दिनमा हवाई दुर्घटनाजस्ता दुःखदायी घटना नहोस् भन्नेतर्फ सजग हुन सम्बन्धित निकाय र पक्षलाई निर्देशन दिनुभएको छ । कमजोरी भयो ? भन्ने बुझ्न आग्रहसमेत गर्नुभयो । प्रधानमन्त्री ओलीले घटना ज्यादै दुःखद्, हृदयविदारक र अकल्पनीय भएको बताउनुभयो ।

ब्रिफिङमा गृहमन्त्री



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनास्थल अवलोकनपछि नागरिक उड्डयन प्राधिकरणको उद्धार समन्वय केन्द्रमा बुधबार बिफ्रिङ लिँदै प्रधानमन्त्रीले आगामी दिनमा हवाई दुर्घटनाजस्ता घटना नहोस् भन्नेतर्फ सबै सजग हुनुपर्छ भन्नुभयो । उहाँले घटना कसरी भयो, मानवीय वा प्राविधिक रमेश लेखक, परराष्ट्रमन्त्री डा आरजु राणा र कायममुकायम मुख्यसचिव लीलादेवी गड्तौला रहनुभएको थियो ।

बुधबार बिहान काठमाडौँबाट पोखरातर्फ प्रस्थान गर्नेक्रममा सौर्य एयरको ९ एन एएमई जहाज दुर्घटना हुँदा विमानमा सवार १८ जनाको निधन भएको हो ।रासस

# मुलुकमा परिवर्तन ल्याउन ऊर्जा क्षेत्रको विकास अपरिहार्य : मन्त्री खड्का



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकमा परिवर्तन ल्याउन ऊर्जा क्षेत्रमा आमुल परिवर्तन अपरिहार्य रहेको बताउनुभएको छ ।विद्युत् विकास विभागले बुधबार आयोजना गरेको ‘स्वागत तथा सम्मान’ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले मुलुकलाई आर्थिक रुपमा सबल बनाउन ऊर्जा क्षेत्रको विकास आवश्यक रहेको बताउनुभयो ।

“हामी खाद्यान्नका लागि आत्मनिर्भर हुनुपर्नेछ, त्यसका लागि पर्याप्त सिँचाइ पुऱ्याउनुपर्ने छ, जनताको प्रतिव्यक्ति आय बढाउनका लागि ऊर्जा क्षेत्रको विकास गर्नुपर्नेछ, यो दुवै जिम्मेवारी हाम्रो मन्त्रालयअन्तर्गत रहेको छ, उक्त दुवै आवश्यकतालाई पूरा गर्नेगरी कर्मचारी लाग्नुपर्छ”, मन्त्री खड्काले भन्नुभयो । उहाँले ऊर्जा क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

मन्त्री खड्काले राजनीतिक अस्थिरताका लागि विकास निर्माणले गति लिन नसकिरहेका बेला दुई ठूला राजनीतिक दलले सरकार बनाएकाले अब अल्झिएर बस्ने छुट राजनीतिक नेतृत्व र कर्मचारीलाई नभएको प्रष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “मुलुक कसैले आएर बनाउने वाला छैन, तपाईं हामीले नै बनाउने हो, यसका लागि कर्मचारी जिम्मेवार भएर काम गर्नुहोस् ।”

ऊर्जामन्त्री खड्काले भय, चिन्ता नराखी छिटोछरितो कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिनुभयो । “ऊर्जा क्षेत्रको विकासका लागि आवश्यकपर्ने ऐन, कानुन, नीति, नियमावलीले कतै संशोधन गर्नुपर्ने भए मन्त्रालयले पहल गर्छ, तपाईंहरु निर्भिक ढङ्गले यसको विकासका लागि दिनरात नभनी लाग्नुहोस्”, मन्त्री खड्काले भन्नुभयो । युवापुस्तामा देखिएको निरासा चिर्नका लागि कर्मचारी इमान्दारपूर्वक लाग्नुपर्ने उहाँको भनाइ थियो ।

मन्त्री खड्काले १० वर्षमा १० हजार मेगावाट विद्युत् भारत निर्यात गर्ने भनिरहँदा यहाँ उत्पादन बढाउन नसकिने हो कि भन्ने चिन्ता उत्पन्न भएको बताउनुभयो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले ऊर्जा क्षेत्रको विकासमा विद्युत् विकास विभागको महत्त्वपूर्ण भूमिका रहेकाले उत्कृष्ट कार्यसम्पादन गर्न कर्मचारीलाई निर्देशन दिनुभयो ।

विभागका महानिर्देशक जीवछ मण्डलले विभागले विद्युत् आयोजनाको सम्भाव्यता अध्ययन, विकास र प्रवर्द्धनका क्षेत्रमा काम गरिरहेको बताउनुभयो । उहाँले १०० मेगावाटभन्दा साना आयोजनाको काम विभागबाट र सोभन्दा ठूला आयोजनालाई मन्त्रालयमा सिफारिस गर्ने गरेको बताउनुभयो ।रासस

# नेपालको वीरता र सौर्यको इतिहास विश्वमा प्रचार गरौँः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले वीर पूर्खाहरूको साहस, वीरता र सौर्यका कारण नेपाल सधैँ स्वतन्त्र राष्ट्र रहेकाले यस्तो गौरवपूर्ण इतिहासलाई विश्वमा प्रचार गर्न आग्रह गर्नुभएको छ ।



राष्ट्रिय विभूति भीमसेन थापाको २५०औँ जन्मजयन्तीको अवसरमा शीतल निवासमा बुधबार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले नेपाल आदिकालदेखि दक्षिण एसियामा एक मात्र स्वतन्त्र राष्ट्र रहन सफल भएको बताउनुभयो । “भीमसेन थापाको दुःखान्त जीवन सुन्दा नेपालको अभिशप्त इतिहासको पनि झल्को आउँछ”, उहाँले भन्नुभयो, “नेपालको गौरवपूर्ण इतिहासलाई गोलमटोल र लुकाइएको पनि छ, त्यसको सत्यतथ्य यथार्थ रूपमा विश्वमा प्रचार गर्न आवश्यक छ ।”

राष्ट्रपति पौडेलले इतिहासको जगमा उभिएको वर्तमानमा टेकेर भविष्यतर्फ अगाडि बढ्नु उपयुक्त हुने धारणा राख्नुभयो ।

“हाम्रा वीर पूर्खा र अग्रजहरूकै सुझबुझ पूर्ण योगदानकै कारण नेपाल एक स्वतन्त्र, सार्वभौम र अखण्ड राष्ट्रका रुपमा पाएका छौँ, यसमा टेकेर समृद्ध र सबल राष्ट्र निर्माणमा जुट्न आवश्यक छ”, राष्ट्रपतिले भन्नुभयो । यसैगरी उहाँले आफ्नो शासनकालमा सामाजिक, आर्थिक र कानुनी क्षेत्रमा सुधार गरी सेनालाई आधुनिकिकरण गराउन, सामाजिक सुधारका कार्यअन्तर्गत कैयौँ कुप्रथा र कुसंस्कारको अन्त्यमायोगदानदिनुभएकाराष्ट्रिय विभूति भीमसेन थापा एक प्रेरक व्यक्तित्व हुनुहुन्थ्यो भन्नुभयो ।

भीमसेन थापाकै राष्ट्रवादी अडानका कारण नेपाल स्वतन्त्र रहन सकेको राष्ट्रपतिको भनाइ थियो । विभिन्न जातजाति, भाषाभाषी, संस्कृति र परम्परा रहेको हाम्रो देशमा सबै नेपालीबीच आपसी मित्रता, मेलमिलाप र सद्भाव कायम गरी राष्ट्रिय एकतालाई अझ सुदृढ गराउनु आजको आवश्यकता भएको राष्ट्रपति पौडेलले उल्लेख गर्नुभयो ।

“अनेकतामा एकता र भौगोलिक विविधता हाम्रो मौलिकपन हो, यही मौलिकपनले सदियौँदेखि हामीबीच राष्ट्रप्रेमको भावनालाई जागृत र जीवन्त बनाउँदै सबै नेपालीलाई एकताको सुत्रमा बाँधेको छ भन्ने मलाई लाग्दछ”, उहाँले भन्नुभयो । राष्ट्रपति पौडेलले राष्ट्रिय एकताको जगमा नै जनचाहना अनुरूप उत्पादन, रोजगारी र सुशासन कायम गरी हामीले अवलम्बन गरेको सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीलाई अझ सुदृढ र व्यवस्थित गरी आर्थिक रूपमा समृद्ध र विकसित नेपाल निर्माण गर्नेतर्फ हाम्रो सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल राष्ट्रको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षाको लागि योगदान पुऱ्याउनुभएका राष्ट्रवादी एवं स्वाभिमानी राष्ट्रसेवकको स्मृतिमा राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठानले पुरस्कार एवं सम्मानको व्यवस्था गरेर उदारणीय कार्य गरेको उहाँको भनाइ थियो ।

त्यसअवसरमा राष्ट्रपति पौडेलले मृगेन्द्र सम्झना चिकित्सा गुठीलाई रु एक लाख एक हजार एक सय ११ राशिसहितको सम्मान एवं पुरस्कार प्रदान गर्नुभयो । गुठीले विशेष गरी कर्णाली क्षेत्रका विपन्न परिवारका बालबालिकाको स्वास्थ्यका लागि गरेको योगदानको कदर गर्दै पुरस्कार प्रदान गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष पार्थिवेश्वरप्रसाद तिमिल्सिना, उपाध्यक्ष त्रिरत्न मानन्धर, सदस्य प्राध्यापक राजेश ढुङ्गाना, मृगेन्द्र सम्झना चिकित्सा गुठीका संस्थापक डा मृगेन्द्रराज पाण्डे, पूर्वराजदूत प्राध्यापक मोहनप्रसाद लोहनीले राष्ट्रको स्वाभिमान जोगाउनका लागि भीमसेन थापाले गरेको योगदानबारे चर्चा गर्नुभयो । त्यसअवसरमा प्रतिष्ठानद्वारा प्रकाशन गरिएको भिमसेन थापासँग सम्बन्धित ऐतिहासिक दस्तावेजको सङ्ग्रह राष्ट्रपति पौडेललाई अर्पण गरिएको थियो ।रासस

# ‘प्रदेश सरकार नागरिकको सुरक्षाप्रति संवेदनशील रहेको छ’

मोरङ । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीले प्रदेश सरकार नागरिकको सुरक्षाप्रति संवेदनशील रहेको बताउनुभएको छ ।



बुधबार मोरङको सुनवर्सी नगरपालिकाको संयोजनमा वडा नं १ स्थित केचनामा अस्थायी प्रहरी चौकीको उद्घाटन गर्नुहुँदै उहाँले चौकी स्थापनाबाट यस क्षेत्रमा शान्ति सुरक्षा कायम हुने विश्वास व्यक्त गर्नुभयो । मन्त्री अधिकारीले आगामी एक वर्षभित्र चौकीलाई स्थायी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।खानेपान, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले सुरक्षा चौकी स्थापनाबाट यस क्षेत्रमा राज्यको उपस्थिति रहनुका साथै जनताले सुरक्षाको अनुभूति गर्ने विचार राख्नुभयो । प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक चन्द्रकुवेर खापुङले जनताको मागअनुसार चौकी स्थापना गरिएको बताउनुभयो । सुनसरीबर्सी नगरपालिकाका प्रमुख श्यामप्रसाद राजवंशी, वडाध्यक्ष वीरबहादुर राईले र जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख प्रहरी उपरीक्षक सुमन कार्कीले लागुपदार्थ दुर्व्यसन नियन्त्रण, अपराधीक घटना न्यूनीकरण र शान्ति सुरक्षा कायम राख्न नागरिकको सहयोग आवश्यक रहेको विचार व्यक्त गर्नुभएको थियो ।रासस

# प्रस्तावित निर्वाचन आयुक्त प्रधानको संसदीय सुनुवाइ

काठमाण्डु । सङ्घीय संसद् संसदीय सुनुवाइ समितिले निर्वाचन आयुक्तमा प्रस्तावित नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानको संसदीय सुनुवाइ गरेको छ ।संवैधानिक परिषद्ले गत असार २ गते उहाँको नाम निर्वाचन आयुक्तमा प्रस्ताव गरी संसदीय सुनुवाइका लागि सङ्घीय संसद् सचिवालयमा पठाएको थियो ।



समितिको बुधबारको बैठकमा प्रस्तावित निर्वाचन आयुक्त प्रधानले आफ्नो अनुभव, योग्यता, क्षमतासहितको योजनासम्बन्धी अवधारणा र कार्ययोजना प्रस्तुत गर्नुभयो ।उहाँको कार्ययोजनामा निर्वाचन आयुक्तका रुपमा काम गर्ने मौका मिलेमा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष तुल्याउन संस्थागत सुदृढीकरण, क्षमता विकास र साझेदारी प्रवर्द्धका कार्य अघि बढाउने अठोट व्यक्त गरिएको छ ।सूचना प्रविधियुक्त निर्वाचन व्यवस्थापन, सुदृढ कानुनी व्यवस्था तथा निर्वाचन पूर्वाधार विकास, निर्वाचन व्यवस्थापनमा मितव्ययीता र प्रभावकारिता, राजनीतिक दलको दर्ता तथा नियमनका विषयमा सुधार अघि बढाउने प्रतिबद्धता उहाँको कार्य योजनामा छ ।

निर्वाचन प्रणालीमा सुधार, निर्वाचनलाई छिटोछरितो तुल्याउने, मितव्ययी र खर्च पारदर्शी बनाउने र राजनीतिक दलको आन्तरिक लोकतन्त्रान्त्रिकीकरणमा पहल गर्ने विषय अवधारणामा परेको छ । प्रधानको अवधारणा र कार्ययोजना सुनेपछि समिति सदस्यले उच्च नैतिक व्यक्ति रहनुपर्ने निर्वाचन आयोग जस्तो संवैधानिक निकायमा उजुरीमा उठाइका प्रश्नको स्पष्टीकरण माग गर्नुभयो । उहाँविरुद्ध यौन दुराचारको अभियोगसम्बन्धी चार वटा उजुरी परेका थिए ।

बैठकमा केही महिला सदस्यलेसमेत उच्च नैतिकता कायम रहनुपर्ने संवेदनशील, मर्यादित र जिम्मेवार पदमा सिफारिस भएको व्यक्तिमाथि उठाइएका प्रश्न र परेको उजुरीलाई कसरी लिनुहुन्छ भनी प्रश्न गर्नुभयो ।बैठकमा अधिकांश सदस्यले उजुरीमा उठाइएको नैतिक पक्षसँग जोडिएको प्रश्नबाहेक प्रस्तावित निर्वाचन आयुक्त प्रधानको योग्यता, क्षमता र अनुभवका दृष्टिले प्रश्न गर्नुपर्ने कुनै ठाउँ नरहेको धारणा राख्नुभयो ।रासस

# अर्थमन्त्री र सिबिफिनबीच दिगो आर्थिक एवं बैंकिङ विकासका विषयमा छलफल

काठमाण्डु । बैङ्क तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) को टोलीले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँग भेटघाट गरी समसामयिक विषयहरुमा छलफल गरेको छ । परिसङ्घले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै अर्थमन्त्री पौडेलसँगको भेटका क्रममा दिगो आर्थिक एवं बैंकिङ विकासका विषयमा छलफल भएको जनाएको छ । लगानी एवम् व्यवसायमैत्री वातावरण बन्न नसक्दा कर्जा विस्तारमा व्यापक सङ्कुचन आएको, वित्तीय संस्थाको खराब कर्जा एवं जोखिमपूर्ण सम्पत्तिमा उल्लेखनीयरुपमा वृद्धि भएको, पूँजीकोषमा दबाब परेको, बैङ्क तथा वित्तीय संस्थाका विरुद्ध अफवाह फैलाउने र कर्जा नतिर्न गरिएका दुरुत्साहन निरुत्साहित हुन नसकेकोलगायतका विषय सिबिफिनले उठाएको थियो ।



प्रस्तावित बैङ्क तथा वित्तीय संस्थासम्बन्धी विधेयक (बाफिया) का केही नीतिगत प्रावधानहरुले बैंकिङ लगानीकर्तामा व्यापक नैराश्यता पैदा गराएको र क्रमशः यस क्षेत्रबाट लगानीकर्ता र कर्मचारीसमेत पलायन हुने क्रम बढेकोप्रति सिबिफिनले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराएको छ । समग्र आर्थिक एवं बैंकिङ क्षेत्रमा खस्केको मनोबल र गुमेको आत्मविश्वासलाई उच्च बनाउँदै दिगो आर्थिक एवं बैंकिङ विकासका पहलकदमीहरु अवलम्बन हुने विश्वास सिबिफिनले व्यक्त गरेको छ ।

पुँजी निर्माण एवं परिचालन, लगानी विस्तार, रोजगारी सिर्जना, सामाजिक रुपान्तरण र राजस्वमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको बैंकिङ क्षेत्रको मुनाफा ऋणात्मक हुँदै जानु गम्भीर समस्या रहेको सिबिफिनको धारणा थियो । बैंक तथा वित्तीय संस्थाको नाफा खुम्चिँदा लाखौँ लगानीकर्ताहरुको जीवन गुजारामा मात्र असर नपुगी स्वयं सरकारको राजस्व लक्ष्यमासमेत गम्भीर असर परेको विषयप्रति संवेदनशील भइदिन अर्थमन्त्री समक्ष सिबिफिनले आग्रह गरेको छ ।

छलफलका क्रममा अर्थमन्त्री पौडेलले सिबिफिन टोलीबाट प्राप्त सुझाव ग्रहण गरी सृदृढ एवं आत्मनिर्भर अर्थतन्त्र र समृद्ध राष्ट्र निर्माण गर्ने सरकारको अभियानमा सहकार्यका लागि आग्रह गर्नुभयो । साथै, सुषुप्त अवस्थामा रहेका मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन र समग्र बैंकिङ क्षेत्रका समस्या एवं चुनौतीको समाधान र अपेक्षाको सम्बोधन गर्न सरकारले आवश्यक पहलकदमी लिने अर्थमन्त्री पौडेलले बताउनुभयो । सुशासन, विकास र राजनीतिक स्थायित्व कायम गर्दै अर्थतन्त्र तथा आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक एवं बाह्य लगानीलाई प्रोत्साहन गर्ने सरकारको प्रमुख प्राथमिकता भएको धारणा राख्दै अर्थमन्त्री पौडेलले बैंकिङ क्षेत्रको विश्वास एवं छविमाथि हानी हुने र बैंकिङ गतिविधि सञ्चालनमा असर पुऱ्याउने कुनै गतिविधि सरकारलाई क्षम्य नहुने बताउनुभयो ।

अर्थतन्त्रको आधार स्तम्भकारुपमा रहेका बैङ्क तथा वित्तीय संस्थाहरुको संरक्षण, स्थायित्व र दिगो विकासका लागि मौजुदा तथा प्रस्तावित बाफियाका प्रावधान सरोकारवाला सबैलाई मान्य हुने गरी सुधार गरिने प्रतिवद्धता उहाँले जनाउनुभयो ।रासस

# ट्रम्प गोलीकाण्डपछि गुप्तचर निकाय प्रमुखद्वारा राजीनामा



वीवीसी

काठमाण्डु । अमेरिकाका पूर्वराष्ट्रपति डोनल्ड ट्रम्पको हत्या गर्ने उद्देश्यले भएको आक्रमणमा सुरक्षा प्रणाली विफल भएको आरोप लागेपछि अमेरिकी विशेष सुरक्षा निकाय सीक्रेट सर्भिसकी निर्देशक किम्बर्ली चीटलले राजीनामा दिएकी छन्।"तपाईंको निर्देशकको हैसियतले म सुरक्षा त्रुटिको लागि सम्पूर्ण जिम्मेवारी लिन्छु," उनले मङ्गलवार राति दिएको राजीनामामा सीक्रेट सर्भिसका कर्मचारीहरूलाई सम्बोधन गर्दै भनेकी छन्।

घटनाका बारेमा सोमवार संसदीय समितिमा लामो सुनुवाइपछि डेमोक्र्याट र रिपब्लिकन सांसदले उनको राजीनामा माग गरेका थिए। पेन्सिल्भेनिआको बट्लरमा आयोजित चुनावी ऱ्यालीमा सहभागी ट्रम्पमाथि जुलाई १३ मा भएको गोली प्रहारको घटनाबारे प्रश्नहरूको उत्तर दिन अस्वीकार गरेपछि सांसदहरू उनीसँग निराश भएका थिए। सीक्रेट सर्भिसकी निर्देशक चीटलले आफूले "गह्रुँगो मन बनाएर" राजीनामा दिएको उल्लेख गरेकी छन्। मङ्गलवार राति दिएको राजीनामामा उनले "निकायको आवश्यकतालाई सधैं पहिलो प्राथमिकता दिएको" जनाएकी छन्।

"गत साता निकै सघन निगरानी थियो अनि हाम्रो सञ्चालन गति बढ्ने हुँदा त्यो कायम रहन्छ," उनले भनेकी छन्।"मेरो राजीनामाको मागबाट महत्त्वपूर्ण लक्ष्यका साथ तपाईंहरू प्रत्येकले गरिरहेको राम्रो कामबाट ध्यान अन्यत्र नमोडिओस् भन्ने मेरो चाहना छ।" राष्ट्रपति जो बाइडनले एक विज्ञप्तिमार्फत् उनको एक दशक लामो सार्वजनिक सेवाका लागि आभार व्यक्त गरेका छन्। "जुलाई १३ मा भएको के हो भन्नेबारे स्वतन्त्र समीक्षाको काम जारी नै रहन्छ र म त्यसको निष्कर्षका लागि सहयोग गर्न आग्रह पनि गर्छु। हामी सबैलाई थाहा छ त्यो दिन जे भयो त्यो अब कहिल्यै दोहोरिने छैन," बाइडनले भनेका छन्। अमेरिकी राष्ट्रपति जो बाइडनले सीक्रेट सर्भिसको नयाँ निर्देशक छिट्टै नियुक्त गर्ने बताएका छन्।तत्कालका लागि गृहमन्त्री आलेहान्द्रो मायोर्कासले रोनल्ड रोलाई कार्यवाहक निर्देशक नियुक्त गरेका छन्।सीक्रेट सर्भिसमा विगत २४ वर्षदेखि कार्यरत रोनल्ड रो सन् २०२३ मा उपनिर्देशक भएका थिए।

> राष्ट्रपति बाइडनले सन् २०२२ मा चीटललाई सीक्रेट सर्भिसको प्रमुख नियुक्त गरेका थिए। उनले उक्त निकायका लागि विभिन्न भूमिकामा २७ वर्ष काम गरेकी छन्। अमेरिकी सीक्रेट सर्भिसले वर्तमान र पूर्वराष्ट्रपति सहित अन्य अधिकारीहरुको सुरक्षा हेर्ने गरेको छ।

राष्ट्रपति बाइडनले सन् २०२२ मा चीटललाई सीक्रेट सर्भिसको प्रमुख नियुक्त गरेका थिए। उनले उक्त निकायका लागि विभिन्न भूमिकामा २७ वर्ष काम गरेकी छन्।अमेरिकी सीक्रेट सर्भिसले वर्तमान र पूर्वराष्ट्रपतिसहित अन्य अधिकारीहरूको सुरक्षा हेर्ने गरेको छ। एजेन्टको रूपमा रहँदा सन् २००१ को सेप्टेम्बर ११ मा पेन्टागन र वर्ल्ड ट्रेड टावरसहितका स्थानमा भएको हमलापछि तात्कालिक अमेरिकी उपराष्ट्रपति डिक चेनीलाई ह्वाइट हाउसबाट उद्धार गर्ने काममा उनी संलग्न थिइन्।

पछि बाइडन उपराष्ट्रपति बनेपछि चीटल उनको सुरक्षा हेर्ने सुपरीवेक्षक बनिन्। उनी सुरक्षा कारबाहीको उपसहायक निर्देशक भएपछि बाइडनको सुरक्षा जिम्मेवारीबाट अलग भइन्। एक साताअघि पूर्वराष्ट्रपति ट्रम्पको हत्या गर्ने उद्देश्यले प्रहार गरिएको गोली उनको कानको छेउमा लागेपछि सीक्रेट सर्भिसकी प्रमुखमाथि प्रश्नहरू सोझिए।

उक्त आक्रमणमा एक व्यक्तिको मृत्यु भयो अनि दुई जना गम्भीर घाइते भए। संसदीय समितिमा सांसदहरूले चुनावी प्रचार रसारको सुरक्षाबारे छ घण्टासम्म चीटललाई प्रश्न गरेका थिए।चीटलले सुरक्षा कमजोरी भएको स्वीकार गरे पनि राजीनामा गर्न भने अस्वीकार गरेकी थिइन्।यद्यपि उनले उक्त गोलीकाण्ड सीक्रेट सर्भिसबाट दशकौंमा भएको सबैभन्दा उल्लेख्य विफलता भएको स्वीकार गरेकी थिइन्।

ट्रम्पलाई गोली प्रहार गर्ने सन्दिग्ध आक्रमणकारीको पनि सुरक्षा कारबाहीका क्रममा मृत्यु भएको थियो।ट्रम्पको सभा आयोजना गरिएको स्थानमा विभिन्न सुरक्षा निकायका अधिकारीहरू थिए। "बाइडन/ह्यारिस सरकारले मलाई राम्ररी सुरक्षा गरेन अनि म प्रजातन्त्रका लागि गोली खान बाध्य भएँ," मङ्गलवार आफ्नो छुट्टै सामाजिक सञ्जालमा ट्रम्पले लेखेका छन्।

# जसले छोरीको खेल हेर्न पाउनु भएन...



देवल । गएको शुक्रबार श्रीलङ्काको रनगिरी डम्बुल्ला इन्टरनेशनल स्टेडियममा एसिया कप महिला क्रिकेट चलिरहेको थियो । नेपाली समयअनुसार दिउँसो २:१५ बजेबाट सुरु खेलमा नेपाल र युएईबीच प्रतिस्पर्धा थियो। खेलमा नेपालका तर्फबाट उत्कृष्ट ब्याटिङ गरिरहनुभएको थियो, बझाङकी सम्झना खड्काले । उहाँको खेल प्रदर्शनले नेपाली क्रिकेटप्रेमीहरुको मन जितिरहेको थियो।

तर, जय पृथ्वी नगरपालिका-९ बझाङमा रहनुभएका उहाँका बुबाआमा भने उक्त खेलबारे अनभिज्ञ हुनुहुन्थ्यो। खेल चलिरहँदा बुवा देवेन्द्रबहादुर र आमा कालीदेवी खड्का लेकतिर पणीतोलामा घेराबारको काम गरिरहनुभएको थियो । उहाँहरुलाई छोरीले क्रिकेट खेल्छिन् भन्ने मात्रै थाहा थियो। अघिल्लो साँझ भोलि छोरीको खेल छ भन्ने चर्चा भएको थियो।

तर, भोलि कति बेला खेल्ने, कता हेर्ने टुङ्गो थिएन । बिहानको खाना खाएर बुवा आमा लेकतिर जानुभयो । सम्झनाका भाइहरूले जयपृथ्वी नगरपालिकाको हलमा खेल हेर्ने अवसर पाउनुभयो। "दिनभर घरमा बसेर केही हुन्न। घरमा छोरीको खेल हेर्नलाई केही माध्यम भएन।

त्यसैले हामी लेकतिर गयौं," सम्झनाका बुवा देवेन्द्रले भन्नुभयो, "पछि छोरीले राम्रो खेली भनेर फोनमा खबर पाएपछि मोबाइलमा छोरीको खेल हेऱ्यौं।"

खेल खासै नबुझे पनि राम्रो खेलेको थाहा पाउँदा बुवाआमा खुसीले दङ्ग हुनुहुन्छ । छोरीलाई जागिरका लागि दबाब दिइरहेको खड्का परिवार आजभोलि खेल खेलेर नाम कमाएकोमा खुसी छ। "घरका कसैले त जागिर खानुपर्छ भनेर अनमी पढायौं। पढाइ सकेर जागिर पनि खान थाली । बीचमै जागिर छोडेर खेलतिर लागि । त्यो बेलामा घरमा कसैलाई चित्त बुझेको थिएन। आजभोलि अरुले फलानाका छोरीभन्दा निकै खुसी लाग्छ", बुवा देवेन्द्रले भन्नुभयो।

पहिलो खेलमा सम्झनाले युएईविरुद्ध नेपाललाई जित दिलाउनुभएको थियो । उहाँले ४५ बलमा ११ चौकासहित ७२ रन बनाउनुभयो । सम्झना खेलको प्लेयर अफ दि म्याचसमेत बन्नुभएको थियो । त्यसपछि उहाँको चर्चा चुलियो। उहाँलाई नचिन्नेले चिन्ने अवसर पाए। उहाँलाई जिल्लामै प्रशिक्षण गर्ने सुरेन्द्र सिंह र प्रविन्द धामीको पनि चर्चा भयो।

किशोरावस्था प्रवेशसँगै क्रिकेट खेल्न थाल्नुभएकी सम्झनालाई सफलता मिल्दै गएपछि परिवारमा खुसी छाएको उहाँका दाजु नवीन खड्काले बताउनुभयो। सम्झनालाई मोजाको बलले बलिङ गराउँदै १३ वर्षअघि सिंह र धामीले क्रिकेट खेल्न सिकाउनुभएको थियो। खेलमैदान नहुँदा बन्द विमानस्थलमा उनीहरु खेल अभ्यास गर्थे।

त्यसै बेलादेखि बझाङमा क्रिकेट खेलको सुरुवात भएको थियो। खेल सिकेको छ महिनामै धामी र सिंहले सम्झनालाई बझाङको महिला टिम कप्तान बनाउनुभएको थियो । बिहान स्कुल जाने, स्कुलबाट फर्किएपछि घरायसी काम सकेर क्रिकेट खेल्ने उहाँहरुको दैनिकी भएको प्रविन्द धामी सम्झनुहुन्छ। उहाँले भन्नुभयो, "सम्झनालाई बझाङ टिमको कप्तान बनाएर जिल्लाबाट धनगढी, महेन्द्रनगर, बैतडीलगायतका ठाउँमा हुने क्षेत्रीय खेलमा सहभागी गराउथ्यौं। पछि उसको खेल सुध्रिँदै गयो र राष्ट्रिय टिमबाटै खेल्ने अवसर मिल्यो ।" त्यो बेलामा खेलको महत्व कसैले नबुझेको उहाँको अनुभव छ । "बहिनीहरु खेल्न जाँदा परिवारकै सदस्यले अवरोध गर्थे," धामीले भन्नुभयो, "त्यो बेलामा कुनै दिन हाम्रा खेलाडी अन्तर्राष्ट्रिय रङ्गशालामा सबैको अगाडि देख्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो। अहिले आएर हाम्रो सपना पूरा भएको छ। त्यो बेलामा हामीसँग रिसाउनेहरुले अहिले बुझेका छन्।"

सम्झना राष्ट्रिय टिमबाट खेल्न थालेको दुई वर्ष भयो । यसपटकको एसिया कपको दोस्रो खेल गरी उहाँले अन्तर ाष्ट्रियस्तरका प्रतियोगिताका १८ खेल खेलिसक्नुभयो । आइतबार भएको खेलमा नेपालले पाकिस्तानसँग लज्जास्पद हार व्यहो-यो । नेपाललाई पाकिस्तानले नौ विकेटले हरायो । नेपालले निकै आशा गरेकी खेलाडी सम्झनाले पाकिस्तानसँगको खेलमा उत्कृष्टता देखाउन सक्नुभएन । पाँच बल खेल्नुभएकी सम्झनालाई पाकिस्तानी कप्तान निदा डारको बलमा नाशरा सन्धुबाट मिडविकेटमा क्याच आउट हुनुभयो । मङ्गलबार भारतसँग भएको खेलमा नेपाल ८२ रनले पराजित भयो । जितसँगै भारत प्रतियोगिताको सेमिफाइनमा प्रवेश ग-यो भने नेपाल हारसँगै प्रतियोगिताबाट बाहिरियो।

क्रिकेट खेलको चर्चा माझ सम्झनाका आमाबुवाले कुनैपनि खेलको प्रत्यक्ष प्रसारण हेर्न पाउनुभएन । "घरको टिभिमा आउँदैन। मोबाइल छैन । अरुले भनेको आधारमा छोरीले खेल जितेको/हारेको थाहा पाउँछौं ।" उहाँका बुवा देवेन्द्रले भन्नुभयो। छोरीले जुनसुकै ठाउँमा पुगेपनि क्रिकेट खेलबाट गरिरहेको प्रगतिबाट उहाँको परिवार सन्तुष्ट हुनुहुन्छ ।रासस

# स्पेनी प्रधानमन्त्रीले श्रीमतीको भ्रष्टाचार अनुसन्धानका लागि लिखित बयान दिने



एएफपी

म्याड्रिड ।स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले आफ्नी पत्नी बेगोना गोमेजको व्यापारिक लेनदेनको प्रारम्भिक भ्रष्टाचार अनुसन्धानमा बयान दिन सहमत हुनुभएको छ।

प्रधानमन्त्री सान्चेजले आफ्नी पत्नीले कुनै गलत काम गरेको आरोप अस्वीकार गर्दै आउनुभएको छ र आफ्नो सरकारलाई कमजोर पार्ने उद्देश्यले बदनाम गर्ने अभियानको एक भागको रूपमा आरोपहरूलाई बारम्बार खण्डन गर्दै आउनुभएको छ । गोमेजमाथि भ्रष्टाचार विरोधी गैरसरकारी संस्थाले 'म्यानोस लिम्पियास' नामको अति दक्षिणपन्थी समूहसँग सम्बन्ध रहेको उजुरी दिएपछि गोमेजमाथि 'क्लिन ह्यान्ड्स' नामक स्पेनी भाषामा प्रभाव जमाएको आरोपमा अनुसन्धान भइरहेको छ ।अनुसन्धानको नेतृत्व गरिरहेका न्यायाधीश जुआन कार्लोस पेनाडोले सोमबार समाजवादी प्रधानमन्त्रीलाई 'साक्षी' को रूपमा बयान दिन आह्वान गर्नुभएको हो।

न्यायाधीशले सान्चेजसँग जुलाई ३० मा बिहान ११ बजे उहाँको सरकारी निवासमा सोधपुछ गर्ने बताउनुभएको छ। "न्यायिक प्रशासनसँग सहयोग गर्न, सधैं स्पेनी संविधानद्वारा स्थापित ढाँचाको कडा अनुपालनमा यो अन्यथा हुन सक्दैन र बयान दिन म इच्छुक छु," एएफपीले प्राप्त गरेकोसान्चेजले न्यायाधीशलाई पठाएको र अदालतमा दायर गरिएको जवाफमा उल्लेख छ। "तर प्रधानमन्त्रीको हैसियतमा मेरो पदका कारण मेरो बयान लिखित रुपमा दिनुपर्नेछ", उहाँले भन्नुभयो, "स्पेनको कानुनअनुसार नै मेरो भनाइलाई लिखित रुपमा प्रस्तुत गर्नुपर्नेछ।"

सान्चेजले भन्नुभयो, "प्रधानमन्त्रीका रूपमा कानूनको सम्मान गर्नु र मैले प्रतिनिधित्व गर्ने संस्थाको उचित कार्यप्रणालीको संरक्षण गर्नु मेरो कर्तव्य हो ।"विशेष गरी फाउन्डेसन र गैरसरकारी संस्थाहरूको लागि वर्षौंदेखि कोष सङ्कलनका लागि काम गरेकी गोमेजले आफ्नो पतिको पदीय अवस्थाको लाभ उठाई आफ्नो व्यावसायिक सर्कलमा प्रयोग गरेको आरोप लगाइएको छ। उहाँविरूद्ध विशेष गरी सार्वजनिक कोषको खोजी गरिरहेका व्यवसायी जुआन कार्लोस बाराबेससँग लाभका लागि सहकार्य गरेको आरोप छ।

म्याड्रिडको कम्प्लुटेन्स युनिभर्सिटीमा गोमेजले सञ्चालन गरेको स्नातकोत्तर तहमा अध्यापन गराइरहेकी बाराबेसले प्रधानमन्त्रीको सरकारी निवास मोनक्लोआमा आफूलाई पटक पटक भेटेको स्वीकार्नुभएको छ । सन् २०१८ देखि सत्तामा रहेका सान्चेज पनि तीमध्ये दुई बैठकमा उपस्थित भएको उहाँले बताउनुभएको छ । लाखौं युरोको सार्वजनिक टेन्डरको लागि जानुअघि गोमेजबाट सिफारिसको दुई पत्र प्राप्त गरेको अभियोग लागेको छ।

उनीहरूले केवल नवीनताको विषयमा मात्र कुरा गरेका पाइएको न्यायिक स्रोतहरूले जनाएका छन्।

गोमेजले शुक्रबार एक न्यायाधीशको सोधपुछमा चुप लागेर बस्न पाउने आफ्नो अधिकारको लागि आह्वान गर्नुभएको छ । अप्रिलमा अनुसन्धान सुरु भएको मुद्दाबारे बोल्दै सान्चेजले स्पेनलाई स्तब्ध पार्दै भन्नुभयो, "दक्षिणपन्थीद्वारा राजनीतिक उत्पीडनको अभियानको रूपमा निन्दा गरेकोमा आफूले राजीनामा दिने निर्णयमा पुगेको बताउनुभएको थियो । तर विभिन्न राजनीतिक आरोपको सामना गरिरहेका उहाँले पाँच दिनपछि सत्तामा रहिरहने निर्णय गर्नुभएको थियो।

# उत्तर चीनमा भारी वर्षा र बाढीजन्य जोखिमको चेतावनी

एएफपी

बेइजिङ। उत्तरी चीनमा भारी वर्षाका कारण बाढी र पहिरो आउन सक्ने चेतावनी अधिकारीले दिएका छन् ।चीनले चरम मौसमको गर्मी सहन गरिरहेको छ, पूर्व र दक्षिणमा भारी वर्षा भइरहेको छभने उत्तरको धेरै भाग लगातार गर्मीको चपेटामा परेको छ।

बेइजिङमा ३५ डिग्री सेल्सियस (९५ डिग्री फरेनहाइट) भन्दा बढीको चर्को तापक्रमपछि शहरका अधिकारीले बुधबार बाढी रोकथामको दोस्रो उच्च प्रतिक्रिया सुरु गरेका छन्।बुधबारदेखि बिहीबार साँझसम्म २४ घण्टाको अवधिमा करिब दुई करोड २० लाख जनसङ्ख्या रहेको राजधानीका केही भागमा १५० मिलिमिटरसम्म वर्षा हुन सक्ने सहरका अधिकारी विच्याटमार्फत् जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।वर्षाका कारण पर्वतीय धार, भूस्खलन र अन्य गौण विपत्ति आउन सक्ने बताइएको छ।

शहरका अधिकारीहरूले सुरक्षाको कारण देखाउँदै केही पर्यटकीय स्थलका साथै पर्वतीय तथा नदी किनारका होस्टलहरू अस्थायी रूपमा बन्द गर्न आदेश दिएका छन् ।बेइजिङका बासिन्दालाई बाहिरी गतिविधि कम गर्न, पहाडी वा नदी किनारका क्षेत्रहरूबाट टाढा रहन र आश्रय स्थलहरूमा ध्यान दिन आग्रह गर्दै सन्देशहरू प्राप्त भएका छन् ।चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार बेइजिङलाई घेरेको र सात करोडभन्दा बढी मानिसको बसोबास रहेको छिमेकी हेबेई प्रान्तका अधिकारीहरूले पनि बाढीको चेतावनी दिएका छन्।

चीनको 'स्टेट फ्लड कन्ट्रोल एण्ड ड्राउट रिलिफ हेडक्वाटर'ले भारी वर्षाले प्राकृतिक विपत्ति निम्त्याउने उच्च जोखिम रहेको चेतावनी दिएको छ ।पूर्वी झेजियाङ र फुजियान प्रान्तमा बिहीबार ठूलो आँधी आउने अनुमान गरिएको छ ।अधिकारीहरूले आँधीका लागि खतराको सूचना जारी गरेका छन् र फुजियानले बिहीबारका लागि सबै रेल सेवाहरू स्थगित गरेको छ ।स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै तटीय क्षेत्रमा चारदेखि छ मिटरसम्म अग्लो छाल देखिन सक्ने जनाएका छन् ।रासस

# गर्मीका कारण पाकिस्तानमा एक लाखभन्दा बढी विद्यालय बन्द



एएफपी

कराँची । उच्च तापक्रमका कारण दक्षिणी पाकिस्तानमा विद्यालयहरूको गृष्मकालीन बिदा दुई सातासम्म लम्बिने एक शिक्षा अधिकारीले मङ्गलबार बताएका छन् । यसबाट एक लाखभन्दा बढी विद्यालय प्रभावित हुनेछन्।

जलवायु परिवर्तनका कारण चरम मौसमी अवस्थाप्रति पाकिस्तान बढ्दो जोखिममा छ। जलवायु परिवर्तनका कारण तातो लहर र धेरै पटक चल्ने लु चल्ने गर्छ र मनसुन भारी र लामो समयसम्म हुन्छ। सिन्ध प्रान्तका शिक्षा विभागका प्रवक्ता आतिफ भिघियोले भन्नुभयो, "हामीले बालबालिकाको हितका लागि विद्यालयहरूलाई थप १४ दिनका लागि बन्द गर्ने निर्णय गरेका छौं।"

नियोजित विद्युत् कटौती अर्थात लोडसेडिङ पाकिस्तानमा जारी विद्युत् आपूर्ति सङ्कटको बारम्बार कारण बन्दछ। लोडसेडिङ सहरअनुसार फरक फरक हुन्छ तर सिन्ध प्रान्तका ग्रामीण क्षेत्रमा यो दिनमा १२ घन्टासम्म हुँदा विद्यालयहरू पङ्खाबिना सञ्चालन हुनुपरेको छ । "एक शिक्षिकाका रूपमा मलाई पाठ्यक्रम कसरी पूरा गर्न सक्छु भन्ने चिन्ता हुन्छ तर एक आमाका रूपमा म यो गर्मीमा विद्यालय जाने बालबालिकाका बारेमा चिन्तित छु", सार्वजनिक विद्यालयकी शिक्षिकाले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा भन्नुभयो, "हामी गर्मीले मात्र नभई लोडसेडिङबाट चिन्तित छौं।"

सरकारले दुई करोड ६० लाखभन्दा धेरै बालबालिका गरिबीका करण विद्यालयबाहिर रहेको जनाएको छ । सिन्ध प्रान्तका केही क्षेत्रमा ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रम हुँदा पाकिस्तानले मे र जुनमा लुको सामना गर्नुपरेको थियो ।मुलुकको सबैभन्दा धेरै जनसङ्ख्या भएको पञ्जाब प्रान्तमा अधिकारीहरूले बालबालिकालाई प्रचण्ड गर्मीबाट बचाउन मे महिनामा गृष्मकालीन बिदा एक साताअघि सुरु गरेको थियो।

संयुक्त राष्ट्रसङ्घ बाल एजेन्सी युनिसेफका अनुसार दक्षिण एसियामा तीन चौथाईभन्दा धेरै अर्थात ४६ करोड बालबालिका प्रतिवर्ष कम्तीमा ८३ दिनका लागि ३५ डिग्री सेल्सियसभन्दा माथिको तापक्रमको सम्पर्कमा रहन्छन् । विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा एक प्रतिशतभन्दा पनि कम योगदान गरे पनि हालका वर्षहरूमा बदलिँदो मौसमी ढाँचाका कारण पाकिस्तानले गम्भीर मौसमसम्बन्धी प्रकोपहरू भोगेको छ।

# अमेरिकी राष्ट्रपतिद्वारा राष्ट्रवासीका नाममा सम्बोधन गर्नुहुने

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले बुधबार देशबासीका नाममा सम्बोधन गरी आफू नोभेम्बरमा हुने चुनावबाट किन पछि हटेको भन्ने बारे व्याख्या गर्ने बताइएको छ।

उपराष्ट्रपति कमला ह्यारिस र डोनाल्ड ट्रम्पबीच बाइडेनको राष्ट्रपतीय उम्मेद्वारबाट फिर्ता हुने निर्णयका बिषयमा जारी सवाल जवाफबीच बाइडेनले राष्ट्रका नाममा सम्बोधन गर्दै आफूले राजीनामा दिने ऐतिहासिक निर्णय गरे पनि आफ्नो कार्यकाल अझै पूरा नभएको र आफू बाँकी काम गर्न सक्षम रहेको धारणा राख्नुहुनेछ । स्थानीय समयअनुसार बिहीबार राति ८:०० बजे प्राइमटाइम टेलिभिजनमा प्रसारण हुने सम्बोधनमा ८१ वर्षीय डेमोक्र्याट नेताले 'भविष्यमा के हुन्छ र अमेरिकी जनताका लागि आफूले कसरी काम पूरा गर्नुहुनेछ भन्ने विषयमा आफ्ना धारणा राख्ने बताउनुभएको छ।

आठदेखि १० मिनेटसम्म चल्ने यो भाषण ट्रम्पविरुद्धको कमजोर बहस प्रदर्शन र उम्मेदवारी त्याग्न गरिएको हप्तौंको दबाबपछि आइतबार दौडबाट अलग्गिएको घोषणापछिको पहिलो सम्बोधन हुनेछ ।कोभिड सङ्क्रमणपछि डेलावेयर तटस्थित आफ्नो घरमा एकान्त (आइसोलेसनमा) रहेको बेला उहाँले अमेरिकीहरूलाई आफ्नो आश्चर्यजनक निर्णयबारे थप जानकारी दिने वाचा गर्नुभएको थियो।

जुलाई १३ मा ट्रम्पविरुद्ध हत्याको प्रयास पछि ओभल अफिसबाट भएको उहाँको पछिल्लो सम्बोधनको एक हप्ताभन्दा बढी समयपछि यो सम्बोधन हुन लागेको हो । डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिपदको उम्मेदवार बनेकी ह्यारिस र ट्रम्प दुवै चुनावी अभियानमा फर्किएपछि बाइडेनले अमेरिकीहरूलाई आफू राजनीतिबाट अवकास लिएको व्यक्ति नभएको वा आफ्नो राजनीतिक जीवन नसकिएको प्रमाणित गर्न कडा सङ्घर्ष गर्नुहुनेछ।

रिपब्लिकनहरूले बाइडेनलाई पूर्ण रुपमा राजीनामा दिन आग्रह गर्दै यदि उहाँ पुनः निर्वाचित हुन योग्य नभएको निश्कर्ष सही भए उहाँले राष्ट्रपतिका रूपमा काम गर्न पनि योग्य नहुने दावी गर्दै आएका छन् । वरिष्ठ डेमोक्र्याट नेता बाइडेनले गाजामा हमासविरुद्ध इजरायलको युद्धमा अर्थतन्त्रमा विशेष ध्यान केन्द्रित गर्न र युद्धविराम लक्ष्य हाँसिल गर्न आफूसँग अझै धेरै कुरा बाँकी रहेको र यसका लागि आफू सक्षम रहेको बताउँदै आउनुभएको छ। रासस

# नेप्से परिसूचक २७ अङ्कले घट्यो



काठमाण्डु । यो सता लगातार उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ भने कारोबार रकम उच्च देखिएको छ ।

बुधबार नेप्से परिसूचक २७ दशमलव ३२ अङ्कले घटेर दुई हजार पाँच सय ३६ दशमलव ११ को विन्दुमा कायम भएको हो । बुधबार तीन सय ११ कम्पनीको चार करोड सात लाख ४७ हजार दुई सय २६ कित्ता शेयर एक लाख ८८ हजार आठ सय ६५ पटक खरिदबिक्री हुँदा रु १६ अर्ब २० करोड ८५ लाख ७७ हजार तीन सय १४ बराबरको कारोबार भएको छ ।

बुधबारको कारोबारमा वित्त समूह एक दशमलव १६ र होटल तथा पर्यटन समूह शून्य दशमलव १३ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धैरै व्यापार समूहको उपसूचक तीन दशमलव ०९ प्रतिशतले घटेको छ । बैंकिङ एक दशमलव २१, विकास बैंक शून्य दशमलव ५६, जलविद्युत् एक दशमलव ५७, लगानी शून्य दशमलव ८३, जीवन बीमा शून्य दशमलव ३१, उत्पादन तथा प्रशोधन एक दशमलव २४ र लघुवित्त एक दशमलव २४ प्रतिशतले घटेको छ । त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ७६, निर्जीवन बीमा शून्य दशमलव १४ र अन्य समूह एक दशमलव ९० प्रतिशतले घटेको छ ।

बाटलर्स नेपाल (तराई) लिमिटेड र एसियन हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धैरै गुमाउनेमा भने चिर्खुवा हाईड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ७९ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धैरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३६ करोड सात लाख ४६ हजार चार सय ५२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको १३ लाख ७६ हजार सात सय ९४ कित्ता शेयर किनबेच भएको छ ।रासस

# विर्तामोडमा सामुदायिक तरकारी बिक्री केन्द्र

भापा । विर्तामोड नगरपालिकाले नगरवासीलाई विषादीरहित जैविक (अर्ग्यानिक) तरकारी खुवाउने उद्देश्य राखेर १० सामुदायिक तरकारी बिक्री केन्द्र सञ्चालनमा ल्याएको छ । त्यसमा छवटा बिक्री केन्द्र र चार सङ्कलन केन्द्र रहेका छन् ।

'पारिको होइन, वारिको खाउँ' भन्ने मूल नारा नै राखेर कृषि क्षेत्रमा काम गर्दै आएको पालिकाले किसानले उत्पादन गरेको तरकारी बिक्री गर्न केन्द्र सञ्चालन गरेको हो । पालिकाले विभिन्न तरकारीका ब्लक क्षेत्र नै घोषणा गरेर किसानलाई अर्ग्यानिक तरकारीखेतीका लागि प्रोत्साहन गर्दै आएको छ । किसानले उत्पादन गरेको तरकारी पालिकाले खरिद गर्ने र उपभोक्तासम्म पुर्याउन बिक्री केन्द्र सञ्चालनमा ल्याइएको कृषि शाखा प्रमुख राजेन्द्रप्रसाद कडरियाले बताउनुभयो ।

"नगरवासीलाई स्वस्थ राख्न पनि हामीले अर्ग्यानिक तरकारीखेतीका लागि किसानलाई अनुदान दिएर प्रोत्साहन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "अब भारतबाट आयातीत तरकारी विस्थापित गरेर नगरलाई तरकारीमा आत्मनिर्भर बनाउँछौँ ।" उहाँले पालिकाका एक सय १७ किसानले व्यावसायिक तरकारीखेती गरिरहेको जानकारी दिनुभयो ।

विगतदेखि नै सूचीकृत किसानलाई मल, बीउ, सिँचाइ र उपकरण खरिदमा पालिकाले अनुदान प्रदान गर्दै आएको बताउनुभयो । पालिकामा पाँच कट्ठादेखि छ बिगाहा जमिनमा व्यावसायिक रुपमा मौसमी



र बेमौसमी तरकारीखेती गर्ने किसान रहेका छन् । सामुदायिक तरकारी बिक्री केन्द्रका लागि पालिकाले आवश्यक पूर्वाधार तयार गर्ने प्रत्येक केन्द्रलाई रु एक लाख ५० हजारका दरले अनुदान उपलब्ध गराएको छ। उहाँका अनुसार नगरका विभिन्न स्थानमा किसानहरुकै समिति बनाएर सङ्कलन केन्द्र र उपभोक्ताहरुको समिति बनाएर बिक्री केन्द्र सञ्चालन गरिएको छ । किसान र उपभोक्ता मिलेर तरकारीको मूल्य निर्धारण गर्दिँदै आएको उहाँले जानकारी दिनुभयो । उहाँले नगरपालिकाले कार्यक्रम सफल बनाउन चालु आर्थिक वर्षभित्रै तरकारी सङ्कलनका लागि एउटा गाडीसमेत खरिद गर्ने योजना अघि सारेको बताउनुभयो । पालिकाले चालु आर्थिक वर्षमा कृषि क्षेत्रमा मात्र रु एक करोड रकम विनियोजन गरेको शाखा प्रमुख कडरियाले बताउनुभयो । प्रत्येक पालिकाले किसानलाई प्राथमिकतामा राखेर विर्तामोड नगरपालिकाले झैँ काम गर्ने हो भने तरकारीका लागि भारतको मुख ताक्नुपर्ने कार्यको अन्त्य हुने मेचीनगर नगरपालिकाका सामाजिक अभियानकर्मी जानुका ओलीले बताउनुभयो ।

गत आर्थिक वर्षमा भारतबाट पूर्वी नाका हुँदै रु चार अर्ब ५६ करोड २३ लाख ८० हजार मूल्य बराबरको दुई लाख २८ हजार एक सय १९ मेट्रिक टन फर्सी, गोलभैँडा, हरियो खुर्सानी, भिण्डी, घिरौँला, लौका, चटेला, काँचो कटहर, स्कुसलगायत तरकारी आयात भएको क्वारेन्टाइन कार्यालय काँकडभिट्टा कार्यालयले जनाएको छ ।रासस

# तरकारी खेतीबाट वार्षिक छ लाख आम्दानी

अत्तरिया । यहाँका किसानले व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी लिन थालेका छन् । जिल्लाको धनगढी उपमहानगरपालिका-६ शान्तिटोलका शेरुराम चौधरीले लामो समयदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ । उहाँले तरकारी खेतीबाट वार्षिक रु छ लाख बचत गर्ने गरेको बताउनुभयो ।

"विगत २६ वर्षदेखि परम्परागत रुपमा तरकारी खेती गर्दै आएको थिएँ । पछिल्ला केही वर्षयता व्यवसायलाई व्यवस्थित र विस्तार गर्दै लगेको छु", चौधरीले भन्नुभयो । अहिले १५ कट्ठा जग्गामा तरकारी खेती विस्तार गरिएको बताउँदै उहाँले वर्षभरिमा सबै खर्च कटाएर रु छ लाखसम्म बचत हुने गरेको जानकारी दिनुभयो ।

"यस वर्षको वर्खा याम सुरु भएदेखि हालसम्म रु एक लाख ५० हजारको तरकारी बिक्री गरिसकेको छु", चौधरीले भन्नुभयो, "अहिले दैनिक ५० देखि ६० किलो तरकारी बिक्री हुन्छ । भिन्डी प्रतिकिलो रु एक सय, बोडी रु दुई सय, करेला रु एक सयमा बिक्री हुने गरेको छ ।"सिजन अनुसारका



सबै किसिमका तरकारी लगाउने गरेको चौधरीले बताउनुभयो । "उत्पादित तरकारी बेच्न समस्या छैन । धनगढीस्थित हाटबजारमा लगेर बिक्री गर्छु", उहाँले भन्नुभयो, "आम्दानीको स्रोत नै यही व्यावसाय हो । यसमा लगानी कम र मेहनत बढी छ । मेहनत गर्दा धान गहुँभन्दा तरकारीमा आम्दानी कमाइ मनग्य हुन्छ ।"

पाँचजना परिवारको सबै खर्च तरकारी खेतीबाटै भइरहेको चौधरीले जानकारी दिनुभयो । "दुई छोरा र एक छोरी विद्यालय पढ्छन् । पढाइलेखाइ, औषधि उपचार सबै खर्च यसबाट सञ्चालित छ", उहाँले भन्नुभयो, "अन्यन्त्र गएर मजदुरी गर्नु भन्दा आफ्नै घरमा बसेर काम गर्न पाउँदा सन्तुष्ट छु ।" तरकारी बिक्रीबाटै भएको आम्दानीबाट विसं २०७५ मा चार कोठाको पक्की घर बनाएको चौधरीले बताउनुभयो । सिँचाइको राम्रो व्यवस्था हुनसके तरकारी खेतीबाट मनग्य आम्दानी लिन सकिने उहाँको भनाइ छ ।

सोही वडाको मटियारीका बिखलु रानाले पनि लामो समयदेखि तरकारी खेती गर्दै आउनुभएको छ । रानाले आठ कठ्ठा जग्गामा व्यावसायिक तरकारी खेती गर्ने गरेको बताउनुभयो । तरकारी खेतीबाट वार्षिक रु तीन लाखसम्म आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो ।"तरकारी खेतीबाट भएको आम्दानीले सहज जीविकोपार्जन भइरहेको छ ।

सबै खर्च कटाएर वार्षिक रु तीन लाखसम्म बचत हुन्छ", उहाँले भन्नुभयो, "तरकारी बेच्नलाई बजार कुनै समस्या हुँदैन् । नजिकैको हाटबजारमा लगेर बिक्री गर्छु ।" स्थानीय सरकारले किसानलाई अनुदानमा बीउका साथै प्राविधिमा सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

# कृषिबाट वार्षिक १५ लाख आम्दानी

भोजपुर । कृषि व्यवसाय गरेर भोजपुरका ३४ वर्षीय दीपक श्रेष्ठले लोभलाग्दो आम्दानी गर्दै आउनुभएको छ । दश वर्षअघि कृषि कर्ममा लाग्नुभएका उहाँले उदाहरणीय उद्यमीको परिचय बनाउनुभएको छ ।

स्वदेशमा नमूनायोग्य काम गर्ने अठोटका साथ १० वर्षअघि कृषिमा लाग्नुभएका उहाँले भोजपुर नगरपालिका-१२ टक्सारमा व्यवसाय सञ्चालन गरेर वार्षिक रु १५ देखि १८ लाखसम्म आम्दानी लिने गरेको बताउनुभयो । लगनशील भएर काम गरे पैसा कमाउन विदेश जानु नपर्ने उहाँ बताउनुहुन्छ ।

द्यमी श्रेष्ठले व्यावसायिक रूपमा कुखरा, बङ्गुर, माछापालनसँगै केराखेती पनि गरिरहनुभएको छ ।व्यवसायका लागि हालसम्म रु एक करोड हाराहारीमा लगानी गरेको बताउनुभयो । कृषिलाई व्यवसायका रूपमा अँगाल्न गाउँका युवालाई प्रेरित गर्दै उहाँले सीप पनि सिकाउँदै आउनुभएको छ ।

राज्यले अनुदानका कार्यक्रम सञ्चालन गर्दा वास्तविक किसानसम्म पुग्नुपर्ने उहाँले बताउनुभयो । पहुँचका भरमा कतिपय अनुदानका कार्यक्रम सञ्चालन गर्दिँदा वास्तविक किसान मारमा पर्ने उहाँको बुझाई छ । कृषिमा उदाहरणीय काम गरिरहेको भए पनि हालसम्म राज्यबाट कुनै सहयोग नपाएको उहाँको दुखेसो छ ।

आफ्नै फार्मबाट उत्पादन भएको मलको सदुपयोग गर्दै व्यावसायिक केराखेती पनि गरिरहेको उहाँले बताउनुभयो ।

भोजपुर टक्सारमा अजिमा कृषि तथा पशुपालन फार्ममा दुई सय बोट केरा लगाएको उहाँले बताउनुभयो । यसलाई विस्तार गर्ने उहाँको लक्ष्य छ । हाल उहाँले एक स्थानमा बङ्गुरपालन, पाँच स्थानमा व्यावसायिक कुखुरापालन र दुईवटा पोखरीमा माछापालन गरिरहेको बताउनुभयो ।

# विद्यार्थी संख्या घटेपछि क्याम्पस नै बन्द हुने स्थितिमा

ढोरपाटन । झन्डै ३४ वर्षअगाडि स्थापना भएको बलेवा बहुमुखी क्याम्पसमा विद्यार्थी संख्या घट्दै गएका छन् । कक्षा १२ पासपछि धेरैको रोजाइ विदेश हुँदा क्याम्पसमा विद्यार्थी न्यून बन्दै गएका हुन् ।

हरेक वर्ष विद्यार्थी संख्या घटेपछि क्याम्पसको अस्तित्व नै सङ्कटमा पर्ने जोखिम बढेको छ । बागलुङ नगरपालिका-१३ स्थित बलेवा पैयुँपाटा बहुमुखी क्याम्पसमा विसं २०७० सम्म विद्यार्थीको चाप थियो । दैनिक डेढ सयको हाराहारीमा क्याम्पस आएर पढ्ने विद्यार्थी हुन्थे तर अहिले भर्ना हुने ५० जना पनि छैनन् ।

बागलुङ बजार नजिकै रहेको पैयुँपाटा गाउँमा विसं २०४७ मा क्याम्पस स्थापना हुँदा गाउँका विद्यार्थीले सहज रुपमा उच्च शिक्षा हासिल गर्न पाएका थिए । पछि गाउँलेको बजार मोह र विद्यार्थीको बढ्दो विदेश पलायनका कारण क्याम्पस रित्तो बन्दै गएको हो । दिनप्रति दिन विद्यार्थीको संख्या घट्दै गएपछि क्याम्पस नै बन्द हुने जोखिम बढेको छ ।

क्याम्पसमा विद्यार्थीलाई निःशुल्क पढाउने वातावरण बनाए पनि संख्या बढ्न सकेको छैन । अहिले क्याम्पसमा गाउँका छोरी बुहारी मात्रैले परीक्षा दिने गरेका छन् । पुरुष विद्यार्थी निकै न्यून छन् । क्याम्पस अनुदान आयोगबाट आउने सहयोग र अक्षकोषबाट सञ्चालन भएको बलेवा बहुमुखी क्याम्पसका प्रमुख ज्ञानेन्द्रराज पन्तले बताउनुभयो ।

हाल क्याम्पसमा एक पूर्णकालीन, नौ आंशिक प्राध्यापक र कर्मचारी कार्यरत रहेको उहाँको भनाइ छ । अनुदान आयोगबाट वार्षिक रु ११ लाख ९० हजार आउने र क्याम्पसको रु एक करोड ४५ लाख अक्षकोष रहेको हुँदा त्यसबाट क्याम्पस सञ्चालन गरिरहेको पन्त बताउनुहुन्छ । रासस


## पिपरा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।१०**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०८१।८२ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७९/०८० को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८०/०८१ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८०/०८१ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**


# बेरोजगारी हटाउन फलफूल तथा जडीबुटीका बिरुवा वितरण

खोटाङ । डिभिजन वन कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा विभिन्न प्रजातिका फलफूल तथा जडीबुटीका दुई लाख ६७ हजार आठ सय ४६ वटा बिरुवा निःशुल्क वितरण गरेको छ । सामुदायिक तथा कबुलियती वनलाई आयमूलक बनाउँदै स्थानीय उपभोक्ताका लागि रोजगारी सिर्जना गर्न वन कार्यालयले फलफूल तथा जडीबुटीका बिरुवा निःशुल्क वितरण गरेको हो ।



जिल्लाका दश स्थानीय तहका स्थानीय बासिन्दालाई विभिन्न प्रजातिका फलफूल तथा जडीबुटीका बिरुवा निःशुल्क वितरण गरिएको डिभिजन प्रमुख पशुपति दाहालले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "बिरुवा हुर्काउने र गोडमेल गर्ने तथा त्यसबाट लाभ लिने जिम्मा उपभोक्ताको हो । यो जिल्लावासीका लागि आयआर्जनको माध्यम बन्ने अपेक्षा गरेका छौँ ।"

डिभिजन वन कार्यालयले जडीबुटी विकास कार्यक्रम, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रम, बिरुवा उत्पादन तथा वृक्षरोपण, कृषि वन कार्यक्रम, अर्गेली विस्तार कार्यक्रम, विद्यालय वातावरण सुधारलगायत कार्यक्रम सञ्चालन गरेको थियो । जडीबुटी विकास कार्यक्रमका लागि रु १८ लाख, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि रु तीन लाख, विद्यालय वातावरण सुधारका लागि रु पाँच लाख, अर्गेली विस्तार कार्यक्रमका लागि रु पाँच लाख, कृषि वन कार्यक्रमका लागि रु पाँच लाख, कबुलियती वन कार्यक्रमका लागि रु पाँच लाख, डिभिजन वन कार्यालयमा बिरुवा उत्पादनका लागि रु पाँच लाख तथा खयरका बिरुवा उत्पादनका लागि रु चार लाख बजेट विनियोजन भएको थियो ।

सामुदायिक तथा कबुलियती वन तथा स्थानीय बासिन्दाका लागि वितरण गर्न यस वर्ष ६५ हजार बिरुवा उत्पादन गरिएको वन कार्यालयका शाखा अधिकृत दीपेन्द्र मेहताले बताउनुभयो । अब ३० हजार बिरुवा वितरण गर्न बाँकी छ । वन कार्यालयले धुपी, ज्याकाराण्डा, कल्फी, तेजपत्ता, सल्ला, अमला, इपिल-इपिल, किम्बु, नेभारालगायत बिरुवा उत्पादन गरेको छ । विद्यालय वातावरण सुधारका लागि १० विद्यालयलाई पाँच सय बिरुवा वितरण गरिएको छ ।

वन कार्यालयका अनुसार खयरका बिरुवा उत्पादन कार्यक्रमअन्तर्गत ४० हजार बिरुवा उत्पादन गरेर हलेसी तुवाचुङ नगरपालिकाका सामुदायिक तथा कबुलियती वनलाई वितरण गरिएको छ । जडीबुटीजन्य वनस्पतीमा पर्ने खयरका बिरुवा पहिलोपटक परीक्षणका लागि उत्पादन गरिएको छ ।

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमका लागि ३५ हजार छ सय ३० बिरुवा वितरण गरिएको छ । कार्यक्रमअन्तर्गत सुन्तला, कागती, नास्पाती, जुनार, भुइँकटहर, आँप, जापानिज हलुवावेद, टिमुरलगायत फलफूल तथा जडीबुटीका बिरुवा वितरण गरिएको छ ।

अर्गेली व्यवस्थापन कार्यक्रमअन्तर्गत दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र ऐसेलुखर्क गाउँपालिकामा ७२ हजार पाँच सय बिरुवा वितरण गरिएको छ । कृषि वन कार्यक्रमअन्तर्गत जन्तेढुङ्गाको चिसापानीमा दाँते ओखर, चिराइतो, टिमुर, बन्दाकोभीको बीउ वितरण एक हजार आठ सय चार तथा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा सुन्तला, कागती, नास्पाती, जुनार, भुइँकटहर, आँप, जापानिज हलुवावेद, टिमुरलगायत दुई हजार चार सय बिरुवा वितरण गरिएको कार्यालयले जनाएको छ ।

जडीबुटी व्यवस्थापन कार्यक्रमअन्तर्गत केपिलासगढी गाउँपालिका-१ फेदीमा लोठसल्ला, तेजपत्ता र टिमुरको बिरुवा तथा चिराइताको बीउ वितरण गरिएको छ । फेदीस्थित स्थानीय बासिन्दाको निजी जग्गामा रोप्न तीन हजार एक सय तथा सामुदायिक वनमा रोप्न छ हजार पाँच सय बिरुवा वितरण गरिएको छ । कबुलियती वनतर्फ दिक्तेल रुपाकोट मझुवागढी र हलेसी तुवाचुङ नगरपालिका तथा बराहपोखरी र ऐसेलुखर्क गाउँपालिकामा ३१ हजार २१ वटा बिरुवा वितरण गरिएको उक्त कार्यालयले जनाएको छ ।रासस

# मधेशलाई कृषि 'हब' बनाउने घोषणा



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले कमला नदीको वरिपरि रहेको करिब सात हजार बिघा बगर जमिनको स्थलगत निरीक्षण गरेका छन् ।

धनुषाको कमला नगरपालिकामा बुधबार करिब सात हजार बिघा बगर जमिनको मुख्यमन्त्री सिंहले स्थलगत निरीक्षण गरेका छन् ।

बगर खेती योग्य जमिनमा प्रदेश सरकारबाट कृषि उत्पादन गर्ने उद्देश्यले मुख्यमन्त्री सिंह नेतृत्वको संयुक्त टोलीले स्थलगत निरीक्षण गरेको जनाएको छ ।

सो निरीक्षणपछि मुख्यमन्त्री सिंहले आफ्नो नेतृत्वको सरकारले बगर खेती योग्य जमिनको सदुपयोग गर्ने घोषणा गरे ।

मुख्यमन्त्री सिंहले स्थानीयसँग गरेको अन्तरक्रियामा आफ्नो नेतृत्वको सरकारले कमला नगरपालिकामा रहेको बगर खेती योग्य जमिनमा द्रुत गतिमा काम अगाडि बढाउने प्रतिबद्धता समेत व्यक्त गरे ।

उनले भने, 'यो जमिनमा के कस्ता खेती गर्न सकिन्छ, त्यसको डीपीआर तयार गर्छौं । त्यहीकारणले सबै क्षेत्रका विज्ञ लिएर पनि आएका हौं । डीपीआर तयार भइसकेपछि मल्टी उद्देश्यले कामको थालनी हुनेछ । तर यो चाँडै सुरु हुनेछ ।'

सबै सरकारले कमलाको बगर खेतीमा काम गर्ने आश्वासन दिए पनि आफ्नो नेतृत्वको सरकारले त्यसलाई परिणाम आउने गरी काम गरेर देखाउने उनले आश्वासन दिए ।

सरकारले लगानी गर्नका लागि नै निरीक्षण गरेको मुख्यमन्त्री सिंहको भनाइ छ । प्रदेश सरकारले बगर खेती योग्य जमिनमा कृषिलाई लक्षित गरेर कामको सुरुवात गर्ने योजना बनाएको जनाएको छ ।

मुख्यमन्त्री सिंहले बगर खेती योग्य जमिनको अवलोकन पछि सम्पूर्ण कार्य योजना तयार गरिएको बताए । उनले कमलाको बगरमा ताल बनाउन, माछा पालन, बाख्रा पालन,भैंसी पालन, केरा खेती जस्ता मल्टी प्रपजका लागि खेती गरिने बताए । ताल बनाइयो भने वाटर लेभल पनि बढ्ने भएकाले बगर खेती योग्य जमिनको सदुपयोग गर्न अपरिहार्य भएको उनको भनाइ छ ।

यसका लागि स्थानीय पालिकादेखि सबै सम्बन्धित संस्थाहरूले सहयोग गर्न आवश्यक रहेको उनको बुझाइ रहेको छ ।

## सौर्य एयरलाइन्स दुर्घटना

# फेसबुकमा इन्जिनियर सन्तोषको अन्तिम सन्देश

# छोरी, ज्वाइ र नाबालक नातीको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । एक महिनाअघि सन्तोष महतोले आफ्नो सामाजिक सञ्जाल फेसबुकमा छोरा रियान्सलाई जन्मदिनको शुभकामना दिँदै 'हरेक दिन हाम्रो जीवनमा दिइरहेको खुसी र माया जस्तै जन्मदिन भरि पूर्ण होस्' भन्दै लेखेका थिए ।

पाँच वर्षीय छोरा रियान्सलाई जन्मदिनको शुभकामना दिएको सामाजिक सञ्जाल फेसबुकमा सन्तोषको यो अन्तिम पोस्ट भएको छ । र जन्मदिनमा छोरालाई दिएको अन्तिम शुभकामना । २४ जुनपछि उनले फेसबुकमा उनले केही पोस्ट गरेका छैनन् ।

खुसी र मायाको कामना गर्दै छोरा रियान्सलाई शुभकामना दिएको ठीक एक महिनापछि २४ जुलाईका दिन सन्तोष आफैं यो दुनियाँबाट अस्ताएका छन् । सौर्य एयरलाइन्समा 'एयरक्राफ्ट मेन्टेनेन्स इन्जिनियर' का रूपमा कार्यरत जनकपुरधाम-१ का सन्तोषको बुधबार बिहान भएको दुर्घटनामा मृत्यु भएको छ ।

करिब ३६ वर्ष उमेर भएका सन्तोषको पाँच वर्षका छोरा र दुई वर्षकी एक छोरी छन् । दुर्घटनामा ज्यान गएपछि सन्तोषको परिवार विच्चलीमा परेको छ ।

जहाज दुर्घटनामा छोराको ज्यान गएको खबर पुग्नसाथ जनकपुरमा उनका आमाबुबा मूर्छा परेर बेहोस भएका छन् । उनको ज्यान गए पछि गाउँ पनि शोकमा डुबेको छ । जहाज दुर्घटनामा परेर छोराको ज्यान गएको खबर आएपछि आमाबुबा मूर्छित अवस्थामा रहेको सन्तोषका आफन्त शम्भु चौधरीले बताए ।



सधैं आफैं मर्मतमा खटिइरहने जहाजमा दुर्घटनामा परेर सन्तोषको ज्यान गएको भनेर आफन्तजनले अझै पनि विश्वास गर्न सकिरहेको अवस्था छैन ।

जनकपुरधामबाट विद्यालय शिक्षा गरेका सन्तोषले भारतको महाराष्ट्रस्थित ' विंग्स कलेज अफ एभिएसन टेक्नोलोजी' बाट 'एयरक्राफ्ट मेन्टेनेन्स इन्जिनियरिङ' अध्ययन गरेका थिए । एयर काष्ठमण्डप र गोर्खा एयरलाइन्समा काम गरेर अनुभव बटुलिसकेका सन्तोष पछिल्लो समय सौर्य एयरलाइन्समा कार्यरत थिए ।

त्यस्तै सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा नेपाल पत्रकार महासंघ सप्तरीका पूर्वसभापति प्रकाश खतिवडाका छोरी, ज्वाइ र नाबालक नातीको मृत्यु भएको छ ।

बुधबार बिहान ११ बजेतिर काठमाण्डुस्थित त्रिभुवन विमानस्थल नजिकै भएको दुर्घटनामा उनका २५ वर्षीया छोरी प्रिजा, ३० वर्षीय ज्वाइ मनुराज शर्मा र ४ वर्षीय नाती अधिराजको मृत्यु भएको छ ।

मनुराज सौर्य एयरलाइन्समा प्राविधिक पदमा कार्यरत थिए । प्रिजा भने उर्जा मन्त्रालयमा कम्प्युटर अपरेटर पदमा कार्यरत थिइन् । मनुराज जहाज मेन्टिनेन्स (मर्मत) कार्यका लागि अन्य प्राविधिकसहितको टोलीमा पोखरा जान लागेपछि पत्नी प्रिजालाई कार्यलयबाट र छोरा अधिराजलाई विद्यालयबाट लिन नलगाई बोलाएर पोखरा घुम्न लादै थिए ।

यसैबीच पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, कोषाध्यक्ष नवीन गुप्ता, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझि, महासंघका पूर्व सभापति एवं प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले छुट्टाछुट्टै शोक वक्तव्य मार्फत घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै मृत आत्माको चिरशान्ति एवं शोकाकुल परिवारजनलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गरेका छन् ।

# कटहरियाको सम्पूर्ण विद्यालय बन्द गर्ने चेतावनी

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा नेपाल विद्यालय कर्मचारी तथा बाल विकास शिक्षक युनियन नगर कार्यसमितिले तलब भत्ताको माग गर्दै नगरपालिकामा ज्ञापन पत्र बुझाएका छन् ।

जिल्लाको कटहरिया नगरभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत सम्पूर्ण विद्यालय कर्मचारीहरू, बाल विकास सहयोगी कार्यकर्ताले तलब र भत्ताको माग गर्दै ज्ञापन पत्र मार्फत आन्दोलनको कार्यक्रम घोषणा गरेका छन् ।




सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी र बाल विकास सहयोगी कार्यकर्ताले आर्थिक वर्ष २०७९-०८० को वैशाखदेखि वैशाखदेखि असारसम्मको तलब र प्रति महिना दुई हजारको दरले प्रोत्साहन भत्ता समेतको रकम निकासा नभएको प्राप्त गर्न सकेका छैनन् ।

सम्पूर्ण विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ताले १५ दिन भित्र तलब निकासा नभएमा आन्दोलन गर्न बाध्य हुने चेतावनी दिए ।

उनीहरुले आगामी भदौं २ गते देखि ३ गते सम्म कटहरिया नगरपालिकामा धर्ना बस्ने, भदौ ४ गते हातमा कालो पट्टी बाँधेर विद्यालयमा काम काज गर्ने र भदौ ५ गतेदेखि कटहरिया नगर क्षेत्रका सम्पूर्ण सामुदायिक विद्यालयहरू अनिश्चित कालका लागि बन्द गरिने विज्ञप्तिमा उल्लेख गरेका छन् ।

कटहरिया स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा विद्यालय कर्मचारी र बाल शिक्षा सहयोगी कार्यकर्ता गरी झन्डै ६० जना कार्यरत रहेका छन् ।

कटहरिया नगरपालिकाका मेयर अजय प्रकाश जैसवाल, उपमेयर रिता देवी यादवसहित जनप्रतिनिधि कर्मचारी गरी ११ जना भ्रष्टाचार मुद्दामा अख्तियारद्वारा दोषी ठहर भएर झन्डै १ महिना अघि नै निलम्बित भएका छन् ।

# 'न्यायमा पहुँच अभिवृद्धिका लागि पीडितमैत्री न्याय प्रणाली आवश्यक'

**टुडे समाचारदाता**

लहान । उच्च अदालत जनकपुर, राजविराज इजलासका मुख्य न्यायाधीश वामदेवज्ञावलीलेआमनागरिकको न्यायमा पहुँच अभिवृद्धिका लागि पीडितमैत्री न्याय प्रणाली आवश्यक रहेको बताएका छन् ।

सिरहाको धनगढीमाई नगरपालिकामा बुधबार भएको एक कार्यक्रममा मुख्य न्यायाधीश ज्ञावलीले सामाजिक न्यायसहितको पीडितमैत्री न्यायसम्पादन गर्नुपर्नेमा जोड दिए । उनले भने, "सामाजिक न्यायलाई सम्बोधन गर्न न्यायमा पहुँच अभिवृद्धि गर्नैपर्छ । यसका लागि पीडितमैत्री न्यायसम्पादनगरी कानुनी सहायतालाई प्रभावकारी बनाउन आवश्यक छ ।" उनले अघि थप्दैं भने, "जनप्रतिनिधिदेखि राज्यका सबै तह र तप्काले नागरिकको न्यायको पहुँचमा देखिएको अवरोध हटाउन सहयोग गर्नुपर्छ ।"

सो कार्यक्रममा धनगढीमाई नगरपालिकाका मेयर शिवशंकर महतोले हरेक नागरिकको सर्वसुलभरुपमा न्यायमा पहुँच अभिवृद्धि गरिनुपर्नेमा धारणा राखे ।

नगरपालिका उपमेयर संगिता कुमारी चौधरीले न्यायिक क्षेत्रमा देखिएका समस्या पहिचान गर्न तथा निरुपण गर्न चुनौती रहेको बताइन् ।

समग्र जनउत्थान केन्द्रका अध्यक्ष रामभरोसी महतोले सबै जनाको साथ र सहकार्यमा नागरिकको न्यायमा पहुँच अभिवृद्धि गर्नुपर्ने बताए ।

# पूर्वमन्त्री गुप्ताविरुद्ध मुद्दा दर्ता

**टुडे समाचारदाता**



काठमाण्डु । पूर्वमन्त्री श्याम सुन्दर गुप्ताविरुद्ध सम्पत्ति शुद्धीकरणको मुद्दा अदालतमा दर्ता भएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बुझाएको अनुसन्धान प्रतिवेदनअनुसार जिल्ला सरकारी वकिल कार्यालय सम्पत्ति शुद्धीकरणको मुद्दा दर्ता गरेको छ ।

गुप्ताविरुद्ध यसअघि अपहरण तथा शरीर बन्धकको मुद्दा पनि चलेको थियो । अहिले गुप्ताविरुद्ध ८५ लाख रुपैयाँको बिगो माग दाबी गर्दै मुद्दा दायर भएको छ । प्रशान्त कुमार संघाइको जाहेरी पछि भएको अनुसन्धान गर्दा सम्पत्ति शुद्धीकरणको पनि कसुर देखिएको अभियोगपत्रमा उल्लेख गरिएको छ ।

गुप्ताविरुद्धको यसअघि दर्ता भएको अपहरण तथा शरीर बन्धकको मुद्दा उच्च अदालतले पाटनले उनीविरुद्ध १० वर्ष कैद र १ लाख रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो ।

गुप्ताले अपहरण कसुरका साथै सम्बद्ध कसुरबाट फिरौतीको रुपमा रकम असुलेको आरोप लगाइएको छ । ८५ लाख रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेपछि उनीविरुद्ध सम्पत्ति शुद्धीकरणको पनि मुद्दा चलाइएको छ ।

'पवनकुमार संघाइको अपहरण गरी फिरौती लिने मनसायले अपहरण गरी ८५ लाख रुपैयाँ फिरौती समेत लिइ अशोक लामा समेतलाई चार लाखका दरले रकम दिई पवन कुमार अग्रवालको सुनचाँदी पसलबाट १७ लाख ३० हजार रुपैयाँ बराबरको गरगहना समेत खरिद गरेको देखिन्छ' अभियोगपत्रमा उल्लेख गरिएको छ ।

सो अभियोगमा पत्रमा उल्लेख भएका आकाश लामा लगायत व्यक्तिकै सहयोगमा ६ पुस २०६८ मा गुप्ताको योजनामा संघाईको अपहरण भएको थियो ।

गुप्ताविरुद्ध सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ३ को उपदफा (१) (क), (ख) र (ग) तथा उपदफा (२), (३) कसुर गरेको भन्दै मुद्दा दायर गरिएको छ । गुप्ताको नाममा रहेका बा २ च ९४५४ र बा ६ च ९१०६ नम्बरका गाडी समेत जफत गर्न मागदाबी गरिएको छ ।

नेपाल सद्भावना पार्टीका अध्यक्षसमेत भइसकेका गुप्ता आपूर्ति मन्त्री भइसकेका व्यक्ति छन् । उनलाई नख्खु कारागारमा राखिएको छ ।

# १४ वर्ष पछि बन्दै अस्पताल

**टुडे समाचारदाता**

राजविराज । विगत १४ वर्ष पछि राजविराजमा अस्पताल बन्ने भएको छ ।

१४ वर्ष अघिदेखि राजविराजमा छुट्टा छुट्टै रहेको जग्गामा भाडाको कोठा लिई कान सम्बन्धि सम्पुर्ण रोगको उपचार सेवा प्रदान गर्दै आएको कान उपचार सेवा केन्द्रले अबको नौ महिना भित्र आफ्नै सुविधा सम्मपन्न भवनबाट सेवा प्रदान गर्ने भएको छ ।

भवन निर्माणका लागि स्थानीय समाजसेवी जोगेन्द्र भगतले २ करोड २५ लाख रुपैयाँ मुल्य बराबरको १ कठ्ठा डेढ धुर जग्गा निःशुल्क उपलब्ध गराएपछी केन्द्रको आफ्नै भवनबाट उपचार सेवा उपलब्ध हुने भएको छ ।

यस अघि केन्द्रद्वारा राजविराज वडा नं.९ मा कानका विरामीहरुको जाँच र समान्य उपचार तथा वडा नं.३ मा शल्यक्रिया सेवा प्रदान हुदै आएको थियो । दुबै ठाउँमा भाडा कै घर लिएर उपचार सेवा प्रदान गरिदै आएकोमा समाजसेवी भगतले जग्गा उपलब्ध गराएपछि नयाँ र आफ्नै भवन निर्माणका साथै एकै थलोबाट सम्पुर्ण उपचार सेवा प्रदान गर्न सहज हुने भएको कान उपचार सेवा केन्द्रको संचालनमा सहयोग गर्दै आएको इम्प्याक्ट नेपालका कार्यक्रम व्यवस्थापक पुष्पा भण्डारीले बताइन् ।

उनले नयाँ भवनबाट थप विशेषज्ञ चिकित्सकहरुबाट सेवा प्रदान गरिने र यसबाट यस भेगका कानका विरामी लाभाविन्त हुने विश्वास समेत व्यक्त गरिन् ।

समाजसेवी भगतले निःशुल्क जग्गा उपलब्ध गराएपछि बुधवार भवन निर्माणको शिलान्यास कार्य पनि सम्पन्न भएको छ । धर्मपत्नी ठाको



देवीसहित पुगेका भगतले केन्द्रको नयाँ भवन निर्माण कार्यको शिलान्यास स्वयमले गरेका छन् ।

राजविराज ३ निवासी ७८ वर्षिय भगत जिल्लामा दानवीर नामले परिचित छन । नेपाल रेडक्रस सोसाईटी शाखा सप्तरीका सभापति समेत रहेका भगतले यस अघि रुपनी गाउँपालिकामा मधेश प्रहरी अस्पताल भवन निर्माणका लागी ४ करोड मुल्य बराबरको १० कठ्ठा, राजविराजस्थित राजदेवी माध्यमिक विद्यालय भवन निर्माणका लागी ४२ लाख नगद सहयोग तथा शम्भुनाथ नगरपालिकामा सशस्त्र प्रहरी आवासिय विद्यालय भवन निर्माणका लागी ४० करोड मुल्य बराबरको ८ बिगहा ११ कठ्ठा जग्गा दान गरेका थिए ।

निःसन्तान भगत दम्पतीले सामाजिक काममा गर्दै आएको योगदानलाई भावी दिनमा समेत निरन्तरता दिने बताएका छन् । भगतले स्वास्थ्य र शिक्षा क्षेत्रलाई लक्षित गरी आफुले सहयोग गर्ने गरेको र बाचुञ्जेल यस्ता कार्यलाई निरन्तरता दिइने बताएका छन् ।

सो नयाँ भवन निर्माणका लागि इम्प्याक्ट नेपालले २ करोड ५१ लाख रुपैयाँ लगानी गरेको इम्प्याक्ट नेपालका कार्यकारी निर्देशक रमाकान्त पौडेलले बताए । नौ महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी सो भवन निर्माण कार्यको ठेक्का काठमाण्डुस्थित भगवती ग्रुप अफ कन्स्ट्रक्शन प्रा.लि.लाई दिइएको र तोकिएको समय भित्र अढाई तल्ले भवनको नयाँ संरचना तयार भई सेवा प्रारम्भ हुने उनको कथन छ ।

उनले इम्प्याक्ट नेपाल कै सहयोगमा सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ६ मा बर्थिङ सेन्टर निर्माण कार्य पनि थालिएको र २०८१ मंसिर १५ गते भित्र सो पालिकालाई उक्त भवन हस्तान्तरण गर्ने लक्ष्य रहेको जनाएको छ ।

# वनकर्मी र काठ तस्करबीच झडप

**टुडे समाचारदाता**

बर्दिबास । सागरनाथ वन विकास परियोजनाका जंगल काठ तस्कर र वनकर्मीबीचको संघर्षले रण क्षेत्र बन्दै गएको छ । काठ तस्करको संगठित गिरोहका कारण रातको समय पनि वन क्षेत्र अशान्त हुँदै गएको छ । गिरोह र वनकर्मीबीच झडपका कारण वन संरक्षणमा विभिन्न खाले समस्याहरु उत्पन्न भएको छ ।

गौशाला-१२ लक्ष्मीनियास्थित बुधबार परियोजनाको स्टिल टावर उत्तरको ७ नम्बर ब्लक र अघिल्लो दिन गौशाला-८ कुशुमाडीको प्लट नं ३ नजिकको ग्रीनबेल्टमा घटेका त्रासदीपूर्ण घट्नाले वन जंगलको सुरक्षालाई चुनौतीपूर्ण रहेको छ ।

माइस्थानस्थित परियोजनाको हात्तीलेट वन व्यवस्थापन शाखा प्रमुख विद्यासागर कर्णले बताए अनुसार उत्तरतर्फको ग्रीन बेल्टमा २ वटा बत्ती बलेको देखेपछि रेन्जर रोहित चौधरीको कमाण्डमा खटेको ११ जना परियोजनाकर्मीको टोलीले



घेराबन्दी गरी सर्च गर्दा शंकास्पद अवस्थामा बा ५ च ४३१ नम्बरको बलेरो गाडी फेला पारेको थियो ।

बलेरोको तलासी लिँदा त्रिपालले छोपेको करिब ५५ क्युफिट बराबरका साल जातका १६ थान काठ देखेपछि गस्तीमा रहेका परियोजनाकर्मीले बलेरो नियन्त्रणमा लिएको थियो । यस्तो अवस्थामा जंगली क्षेत्रको बाटो हुँदै दक्षिणबाट केही मोटरसाइकल हुइँकिँदै उत्तरतर्फ लागेपछि मध्यरातको बेला त्रास र संशय थपेको गस्तीमा रहेका परियोजनाकर्मीले बताएका छन् ।

लामो प्रयासपछि परियोजनाले काठ र बलेरो नियन्त्रणमा लिएको जनाएको छ । घट्नामा संलग्नहरूको पहिचान र खोजी भइरहेको परियोजनाको वन व्यवस्थापन शाखाका फरेष्टर प्रेमप्रसाद उपाध्यायले बताए ।

यसअघि परियोजनाकै गौशाला-८कुशुमाडीकोजंगलस्थित प्लट नं ३ मा काठ तस्कर र वनकर्मीबिच घम्साघम्सी पर्दा ३ जनालाई नियन्त्रणमा लएको वनकर्मीको भनाइ छ ।

राति करिब १० बजेतिर फरेष्टर उपाध्यायको कमाण्डमा खटी गएको गस्तीले ४ वटा साइकलमा २ थान सालको काठ चोरीगरी लाँदैगरेको अवस्थामा पक्राउ गर्न खोज्दा झडप परेको बताइएको छ ।

परियोजनाकर्मीले गौशाला-८ भन्टावारीका अभिषेक साह, रामकिसुन महतो र रामबाबु शर्मालाई नियन्त्रणमा लिनुका साथै ४.५८ क्यूफिट फिट बराबरको २ थान सालका काठ र ४ थान साइकल बरामद गरेको परियोजनाको हात्तीलेट वन व्यवस्थापन शाखाले जनाएको छ ।

दोहरो झडपछि दुवै ठाउँबाट करिब ५८ क्यूफिट साल जातको १८ थान काठसहित -३ जना तस्कर, ४ थान साइकल र एउटा बलेरो पिकअप नियन्त्रणमा लिएको माइस्थानस्थित परियोजनाका हात्तीलेट वन व्यवस्थापन शाखा प्रमुख विद्यासागर कर्णले बताए ।

पक्राउ परेका तीनै जनालाई माइस्थान सबडिभिजन कार्यालयले न्यायिक हिरासतमा राखी वन ऐनअनुसार कारबाही अघि बढाएको सबडिभिजन प्रमुख कृष्णकान्त पटेलले बताए । वनकर्मीकाअनुसार जंगली क्षेत्रमा झडप हुने क्रम रोकिएको छैन ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८